
# लेखापरीक्षण प्रतिवेदन

# सिद्धिचरण नगरपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# सिद्धिचरण नगरपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि

(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य

(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता

(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख — महालेखापरीक्षक

प.सं.:2081/82 मिति : २०८२-२-५

च.न.:FAR/2080-81/LOC/43

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
सिद्धिचरण नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

## कैफियतसहितको राय

हामीले यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४ करोड ४६ लाख ०५ हजार, पर्यटन पूर्वाधार विकासको रु.९५ लाख ६३ हजार एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३३ लाख ३० हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु. ४ लाख १५ हजार, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको

रु.६ लाख ८० हजार र राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.१० लाख ९० हजार समेत गरी रु.१५ करोड ९० लाख ५८ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको रु. १ अर्व ६४ करोड ५३ लाख, ७५ हजार लेखापरीक्षण गरिएकोमा रू. २ करोड २४ लाख ५६ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु. १७ लाख ४४ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ८ लाख ८० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २३ लाख १९ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २२ लाख २५ हजार, र पेस्की बाँकी रु. ५२ लाख ८८ हजार रहेको छ। गत वर्षसम्म रु.९ करोड ७३ लाख ३५ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १० करोड ९२ लाख ३५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।
लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने **सिद्धिचरण** नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **सिद्धिचरण** नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | | दफा संख्या | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ७२ | १०० | २,२४,५६,३७० | ० | ४ | १७,४३,६४२ | ० | ७२ | ९६ | २,०७,१२,७२८ | ८,८०,४४४ | १,२२,२५,३०१ | २३,१९,०४३ | ० | ० | १,४५,४४,३४४ | ५२,८७,९४० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| ओखलढुङ्गा | ९,७३,३५,००० | ० | ८८,११,८०२ | ८८५२३१९८ | ० | २,०७,१२,७२८ | १०,९२,३५,९२६ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ४५ | भ्रमण अवधिको भत्ता | ९,१०० |
| २ | २०८०/८१ | ७४ | पूर्व निर्धारित क्षतिपूर्ति | ६,३४,५४२ |
| ३ | २०७९/८० | ४७ | सहभागि खर्च | २६,४०० |
| ४ | २०७९/८० | ६५.३ र ६५.४ | संघीय सरकारबाट प्राप्त समपुरक अनुदान | ४,६९,७१० |
| ५ | २०७९/८० | ४८ | वढी निकासा | ४६,५१० |
| ६ | २०७९/८० | ३४ | बढी तलब निकासा | १,१२,८४३ |
| ७ | २०७९/८० | ३२ | बढी ग्रेड भुक्तानी | २०,६७३ |

| | | | | |
|---|---|---|---|---|
| ८ | २०७९/८० | ३९ | पाठ्यपुस्तक अनुदान | २,३९,४८८ |
| ९ | २०७९/८० | ३१ | दिवा खाजा अनुदान | ८३,७०० |
| १० | २०७९/८० | ५९ | झोलुङ्गे पुल | १९,८७,३०७ |
| ११ | २०७९/८० | ३५ | छात्रवृत्ती | १९,६०० |
| १२ | २०७८/७९ | ३२ र ४६ | सामाग्री दाखिला र शिविर संचालन | १,१०,५४० |
| १३ | २०७७/७८ | १७ | सल्लाहकार | ४,७७,८७० |
| १४ | २०७७/७८ | ८ | संगठन तथा कर्मचारी ब्यवस्थापन : कर्मचारी करार | २७,१३,८०० |
| १५ | २०७७/७८ | ६४.६ | बिल भरपाई बेगर भुक्तानी | २,२३,२०० |
| १६ | २०७७/७८ | ४७ | बढी भुक्तानी | १,९६,००० |
| १७ | २०७७/७८ | ६० | दायित्व भुक्तानी र अभिलेख | ५,६८,८९८ |
| १८ | २०७७/७८ | ४६ | तालिम पेश्की तथा खर्च स्थिति | १३,५०० |
| १९ | २०७७/७८ | ४९ | कृषि/पशुतर्फः- सम्झौता संशोधन बेगर बढी भुक्तानी | १,३८,००० |
| २० | २०७७/७८ | १९.२ | आर्थिक सहायता | ५१,००० |
| २१ | २०७७/७८ | ४० | असम्बन्धित शिर्षकबाट खर्च | ३,८९,६६३ |
| २२ | २०७७/७८ | ६१.४ र ६१.५ | अनुदानमा कार्यक्रम संचालन स्थिति | १,२३,००० |
| २३ | २०७७/७८ | ६२.२ र ६२.३ | अनुदानको हिस्सा | ८,००,१०० |
| २४ | २०८०/८१ | १४ | पेश्की बाँकी | ११,००,००० |
| जम्मा | | | | १,०५,५५,४४४ |

# (८०११०४०१३०० - सिद्धिचरण नगरपालिका, ओखलढुंगा )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु सिद्धिचरण नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा, नगर सभा सदस्य ६३ जना, १७१.०६ वर्ग कि.मि. क्षेत्रफल, २८,३७४ जनसंख्या र कोशी प्रदेशमा रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।८ देखि २०८०।५।१२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतितपत्र जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतितपत्रमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदन समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु.१,६४,५३,७५,१२७.६५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आर्थिक कारोबारको स्थिति**

पालिकाको यो वर्ष आन्तरिक राजस्वबाट रु.१,७१,४९,३६२।४७, राजस्व बाँडफाँड, अनुदान र अन्य आयबाट रु.८५,२५,३१,५४६।४७ गरी जम्मा रु.८६,९६,८०,९०८।९४ आम्दानी भएकोमा चालू तर्फ रु.६०,८९,८७,४००।६९ र पूँजीगत तर्फ रु.१७,१०,०३,८६७। खर्च भई रु.४,३१,५७,९५१।३४ बैंक मौज्दात रहेको छ ।

**(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

## ३ वित्तीय प्रतिवेदन

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारिण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नानुसार देखिएको छ।

३.२ **वित्तीय विवरणको यथार्थताः** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षाको रु.१४,३६,०५,०००।, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रु.६,८०,०००।, राष्ट्रपति महिला सशक्तिकरण परियोजनाको रु.१०,९०,०००।, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.३३,३०,०००।, सामाजिक विकास कार्यक्रमको रु.३,७५,०००।, गरिवसँग विश्वेश्वरको रु.४,१५,०००। र पर्यटन पूर्वाधार विकास आयोजनाको रु.९५,६३,२६५। गरी जम्मा रु.१५,९०,५८,२६५।सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

३.३ फरक हिसावः यस पालिकाले स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अर्थात सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाले भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गरेको छ । उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु.२२,०१,००,६९४।७९ र यस वर्षको भुक्तानी रु.२१,२६,५०,९९४।८३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं. २७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ । साथै पालिकाले फरक परेको सम्वन्धमा एकिन गरी हिसाव मिलान गर्नु पर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात | वैंक फरक = गतको ±प्राप्ति - भुक्तानी |
|---|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन(म.ले.प.फा.नं.२७०-०१) | ५,०८,२८,७३८।८९ | ५९,८७,५१,४७५।२६ | ६०,९१,५७,१३८।७७ | **४,३१,५७,९५१।३४** | **२७,३४,८७५।९६** |
| एकीकृत आर्थिक विवरण अनुसार | ५,०८,२८,७३८।८९ | ८१,८८,५२,१७०।०५ | ८२१८०८१३३।६० | **४३१५७९५१।३४** | **४७,१४,८२४** |
| **फरक** | **०** | **२२,०१,००,६९४।७९** | **२१,२६,५०,९९४।८३** | **०** | |

३.४ बैङ्क हिसाब ः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाको गत वर्षको जिम्मेवारी र यो वर्षको आयको जोडमा यो वर्षको भुक्तानी घटाउँदा आउने रकम वैंक मौज्दात हुनु पर्नेमा शुत्र तर्फ रु. २७,३४,८७५।९६ र एकिकृत आर्थिक विवरण तर्फ रु.४७,१४,८२४। बैङ्क मौज्दात फरक उल्लेख गरेको हुँदा पालिकाले त्यसको हिसाव यकिन गरी मिलान गर्नुपर्छ ।

## ४ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ९९ मा कार्यालय प्रमुखले कार्यालयको सम्पत्ति र जिन्सी मालसामानको मौजुदा अवस्थाको सम्बन्धमा वर्षमा कम्तीमा एक पटक आफैं वा त्यस्तो मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तीमा तीन सदस्यीय समितिबाट निरीक्षण गराई महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन लिनुपर्ने र प्रतिवेदनमा सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी बाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी किताबमा आम्दानी नबाँधिएको सम्पत्ति तथा जिन्सी मालसामानको संख्या र मौजुदा अवस्था, सम्पत्ति तथा जिन्सी मालसामानको संरक्षण र सम्भार भए वा नभएको व्यहोरा, मर्मत सम्भार गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण, टुटफुट तथा बेकम्मा भई पुनः प्रयोग गर्न नसकिने, मर्मत गरी पुनः प्रयोग गर्न सकिने भए तापनि सामानको पार्टपुर्जा नपाइने र मर्मत गर्दा उक्त सामानको बजार मूल्यको पच्चिस प्रतिशतभन्दा बढी खर्च हुने वा प्रविधि पुरानो भएको कारण प्रयोग गर्दा कार्यकुशलता घट्ने अवस्था भए वा नभएको व्यहोरा, सम्पत्ति तथा जिन्सी मालसामानको प्रयोग भए वा नभएको, हानी नोक्सानी भए वा नभएको र हानी नोक्सानी भएको भए कसको लापरवाहीबाट भएको हो सोको विवरण र एकै किसिमको सम्पत्ति तथा जिन्सी मालसामानमध्ये गत वर्ष उपयोग भएको परिमाण र चालु आर्थिक वर्षमा खरिद गरिएको परिमाणको तुलनात्मक विवरणलगायतको व्यहोराहरु उल्लेख गर्नुपर्दछ । यस वर्ष कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदनमा माथि उल्लिखित व्यहोराहरुको समावेश नगरी PAMS प्रणालीको म.ले.प.फा.नं. ४११ जिन्सी निरीक्षण फारामलाई नै जिन्सी निरीक्षण प्रतिवेदनको रुपमा पेश गरेको छ । यस प्रतिवेदनमा जिन्सी मालसामानको परिमाण, मर्मत सम्भार गर्नुपर्ने र लिलाम गर्नुपर्ने संख्यात्मक विवरण मात्र उल्लेख हुने भएकोले जिन्सी मालसामानको उपयोग, हानी नोक्सानी र जिन्सी खरिद व्यवस्थापनको विषयमा यकिन गर्न सकिएन । अतः कानुनमा भएको व्यवस्थाबमोजिम सरकारी सम्पत्ति तथा जिन्सी मालसामानको निरीक्षण गरी प्रतिवेदन गर्नुपर्दछ ।

५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यो वर्ष पालिका भित्र सञ्चालनमा रहेका विभिन्न प्रकृति र कार्यक्षेत्र सहितका सहकारी संस्थाहरुको अभिलेख राखेको देखिएन । पालिका भित्रका सहकारी संस्थाहरुको एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

६ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । कार्यालयले त्यस्तो प्रणाली तयार गरी लागू गरेको देखिएन। यसबाट कार्यलयको आन्तरिक नियन्त्रण व्यवस्थामा देखिएका कमि कमजोरीका केही उदाहरणहरु निम्न छन्ः

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वियनमा ल्याएको देखिएन,

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(५)पालिकाको भूमि व्यवस्थापन, यातायात तथा सञ्चार सम्वन्धी दीर्घकालिन नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी कार्यान्वियन गरेको देखिएन,

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(२) अनुसार पालिकाबाट प्रदान गरिने आर्थिक सहायता, सेवा र सामाजिक सुरक्षालाई लक्षित वर्गमा पुर्याउन सो सम्वन्धी स्थानीय तथ्यांक तथा सूचना व्यवस्थापन गरेको देखिएन,

 अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको देखिएन,

 सार्वजनिनक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको देखिएन,
 निजामती सेवा ऐन, २०४९ को दफा ५ क वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागू गरेको देखिएन,
 निजामती सेवा ऐन, २०४९ को दफा ७ ख २ वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको देखियो,
 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(८) स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठि, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भईसकेपछि त्यस्तो कार्यक्रममा भएको खर्च, खरिद गरिएको मालसामानको विवरण, उपस्थित एवं लाभन्वितको विवरण जस्ता विषयहरु समावेश गरिएको प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराएको देखिएन
 सवै कर्मचारी तथा पदाधिकारीहरुबाट विभिन्न समयमा हुने भ्रमण सम्वन्धी विवरण स्पष्ट सँग खुल्ने गरी तोकिएको ढाँचाको भ्रमण अभिलेख राखेको देखिएन,
 भुक्तानी भईसकेका सवै सवै विल भरपाईलाई भुक्तानी भए नभएको जनाउन भुक्तानी भयो भन्ने छाप लगाएको नदेखिएको,
 एउटै व्यक्तिले आफूले लिएको पेश्की फर्स्यौट नगरी पुन पेश्की दिने कार्यलाई निरुत्साहित गर्न नसकेको,
 सवै जिन्सी मालसामानलाई सार्वजनिक सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टी नगरेको,
 आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ७६(१) अनुसार आर्थिक कारोवारको वार्षिक प्रतिवेदन अनुसुची ११ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको देखिएन,
 पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको देखिएन,
 पूर्वाधार निर्माण गर्दा क्षेत्राधिकार निर्धारण गरी कार्यक्रम कार्यान्वयन नगरेको,
 स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी आयोजनाको बैंक खडा गरेको देखिएन,
 पालिकाले योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको आधारमा स्रोत साधनको पूर्वानुमान, आयोजनाको प्राथमिकीकरण, योजना कार्यान्वियन तालिका र अनुगमन तथा मूल्यांकन योजना तयार गरेको देखिएन,
 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २६ बमोजिम पालिकाको कार्यसञ्चालन प्रणालीलाई लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम उपयोग र प्रभावकारी सेवाका लागि उपयुक्त व्यवस्थापन पद्धति अवलम्वन गर्न नसकेको,
 बजेट रकमको हाराहारीमा लागत अनुमान बनाउने गरेको,
 दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन,
 वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको देखिएन,
 प्रशासकीय प्रमुखबाट आम्दानी तथा खर्च सँग सम्वन्धित विल, भर्पाई तथा सम्वन्धित कागजात प्रमाणित गरेको देखिएन,
 वडा र शाखा कार्यालयमा खरिद भएका सामानहरु सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आम्दानी बाँध्ने नगरिएको,
 कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको देखिएन,
 ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता म.ले.प. फारम नं.५०७ र कन्टिन्जेन्सी खाता राखेको देखिएन,
 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने अधिकांश सामानको गुणस्तर परीक्षण गरेको देखिएन,
 पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो गरेको देखिएन,
 योजना तथा कार्यक्रमको अनुगमन प्रतिवेदन व्यवस्थित गरी नराखेको,
 कार्यक्रम संचालन गर्दा अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको व्यवस्था अनुरुप मितव्ययी र प्रभावकारी रुपमा सचालन गर्नुपर्नेमा त्यसो गरेको देखिएन,

 कर्मचारीहरुलाई पहिला दिएको पेश्कि फस्यौट नहुँदै पुन पेश्की दिने गरेको,

 सञ्चालित योजनाको आय–व्यय सूचना पाटीमा सार्वजनिक गर्ने, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको देखिएन,

 वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको देखिएन,

 जिन्सी सहायक खाता अध्यावधिक गरी नराखेको,

 संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको २०७३।१२।२५ को परिपत्र अनुसार यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेका पेश्की तथा वेरुजुको लगत तयार गरेको देखिएन,

 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(२) अनुसार मोविलाईजेशन पेस्की रकम सम्झौता भएको कार्यको लागि छुट्टै खोलिएको खातामा जम्मा भए नभएको एवं उक्त पेस्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको अद्यावधिक विवरण सार्वजनिक निकायले प्राप्त गरी अनुगमन गरेको नदेखिएको,

 भ्रष्टचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि कार्यान्वियन सम्वन्धी पालिकाको कार्ययोजना बनाई कार्यान्वियन गरेको देखिएन ।

उल्लेखित विषयका अतिरिक्त मौजुदा कानूनमा भएका आन्तरिक नियन्त्रण सम्बन्धी व्यवस्थाको पालना गरी नियन्त्रण प्रणालीलाई सुदृढ र प्रभावकारी बनाउन कार्यालयले ध्यान दिनुपर्दछ ।

## ७ कानून निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २५ वटा ऐन, ६ वटा नियमावली, ५६ कार्यविधि, २ वटा निर्देशिका लगायत ८९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

## ८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ४ र यो वर्ष थप भएको ९ गरी कुल १३ विवाद दर्ता भएकोमा ९ वटा मात्र फर्स्यौट भई ४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ९ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

### १० बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले २०८०।३।१० मा रु.६९ करोड ५४ लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट २०८०।०३।२६ मा पारित भएको छ । यसैगरी नगर प्रमुखले २०८०।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

### ११ शासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ११४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ४६ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका शिक्षा अधिकृत, प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहितका पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

### १२ कर्मचारी प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ८६ (२) मा संघीय कानूनको अधिनमा रही स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । कार्यालयले कार्यपालिकाको निर्णयको आधारमा यो वर्ष रु.३,८१,८४४।५० प्रोत्साहन भत्ता खर्च गरेको देखिन्छ । पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च मितव्ययी हुनु पर्दछ ।

### १३ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनको व्यवस्था अनुसार मासिक तलबबाट कट्टी गरेको छैन। यस वर्ष नगरपालिकाले कर्मचारी कल्याण कोषबाट रु.१४१४००२ खर्च गरेको छ। नगरपालिकाले अवकास हुने कर्मचारीलाई विगतको मौज्दातबाट अवकास रकम भुक्तानी दिने गरेको पाईयो। नगरपालिकाको कल्याण कोषमा रु.३३६२४८५ मात्र मौज्दात रहेको छ। कर्मचारी कल्याण कोष सम्वन्धमा ऐनको दफा ९१ अनुसार रकम संकलन गरी कोषलाई मजवुत बनाउने र कोष संचालन कार्यविधि तयार गरी कानूनको व्यवस्था गरी सञ्चालन हुनु पर्दछ ।

### १४ पेश्की बाँकी

आर्थिक कार्यविधितथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२(४) मा लेखापरीक्षण गर्ने निकायले फर्स्यौट हुन वाँकी पेश्की रकमलाई आन्तरिक तथा अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नु पर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चालु आर्थिक वर्षमा विभिन्न निर्माण व्यवसायी, संस्था रकम रु.५४६८९४० पेश्की दिएकोमा उल्लेखित पेश्कीको म्याद सकिएको उल्लेखछ। यस वर्ष दिएको म्याद नाघेका पेश्की रु.४३,६८,९४०। नियमावलीको व्यवस्था अनुसार फछर्यौट गर्नुपर्ने देखिएको रु.

| शीर्षक | गो भौ नं. र मिति | फर्म | रकम |
|---|---|---|---|
| सि.न.पा. पूजिगत | १-०८०।४।१० | श्याम सुन्दर नेपाल फुलीवारी जे.भि. | ३०७२००० |
| संस्थागत | १-०८०।४।१० | नेपाल विद्युत प्राधिकरण | १२९६९४० |
| जम्मा | | | ४३६८९४० |

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

( ✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **५५०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| पेश्की | ४३,६८,९४० |

१५ **म्याद ननाघेको पेश्की**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०(३) मा कर्मचारीलाई पेश्की रकम भुक्तानी दिदा आर्थिक बर्षको अन्त्य सम्म फछ्यौट हुन नसक्ने गरी पेश्की रकम भुक्तानी दिन निमल्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यस वर्षसम्म निम्नानुसार कर्मचारीलाई पेश्की वापत रु.९,१९००० भुक्तानी दिएकोमा पेश्की फछ्यौट भएको छैन। नियमानुसार पेश्की असुल फस्यौंट गर्नुपर्ने रु...

| शिर्षक | कर्मचारीको नाम | पेश्की रकम |
|---|---|---|
| नगरपालिका चालु | राजेन्द्र कुमार श्रेष्ठ | २२०००० |
| २७-०८०।६।२६ | शिवराज प्रधान | ३००००० |
| २६३-०८०।३।५ | चुरामणि दाहाल | १४०००० |
| ४२-०८१।३।३१ | अशोक कुमार कट्टेल | २५९००० |
| | जम्मा | ९१९००० |

| | |
|---|---|
| पेश्की | ९,१९,००० |

१६ **सञ्चित कोषको चौमासिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(५) मा नगरपालिकाले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन । तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तयार गरी तालुक निकायहरुमा पठाउनु पर्दछ ।

१७ **क्षेत्रगत बजेट**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यो वर्ष पालिकाले उपलव्ध गराएको विवरण अनुसार क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिकविकास | ६,४८,०३,०००। | ५,९०,८५,७९९। | ९.७ |
| २ | सामाजिकविकास | ४०,६६,६९,७७७। | ३६,६४,६०,८७१। | ६०.१६ |
| ३ | पूर्वाधारविकास | ८,८८,१३,०००। | ७,१८,६३,७७०। | ११.७९ |
| ४ | सुशासन तथाअन्तरसम्बन्धित क्षेत्र | २,६२,१९,३६०। | १,९२,२५,६९१।६० | ३.१६ |
| ५ | कार्यालयसञ्चालन तथा प्रशासनिक | ११,५१,७६,३००। | ९,२५,२१,००६। | १५.१९ |
| **कुलजम्मा** | | **७०,१६,८१,४३७।५०** | **६०,९१,५७,१३८।७७** | **१००** |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ६०.१६ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटीमा ३.१६ प्रतिशत रहेको छ ।

## १८ आयोजनाको हस्तान्तरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) मा निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मतसम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तन्तरण गर्नुपर्ने उल्लेख छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार यो वर्ष संघ, प्रदेश, स्थानीय सरकार, उपभोक्ता संस्था र स्वीस सरकारको आर्थिक तथा प्राविधि सहयोगमा लागत साझेदारी अन्तर्गत् देहाय बमोजिम साना सिंचाई आयोजनाहरु रु.२,१७,४७,०८८। मा निर्माण कार्य सम्पन्न गरेको देखाएको छ । यसरी सम्पन्न गरेका साना सिंचाई आयोजनाहरुको सम्झौता बमोजिम सम्वन्धित उपभोक्ता संस्थालाई हस्तान्तरण गरेको देखिएन । सम्पन्न गरिएका आयोजनाहरुको संरक्षण तथा मर्मत सम्भार गर्न सम्वन्धित उपभोक्ता संस्थालाई सम्झौता बमोजिम समयमै हस्तान्तरण गर्नुपर्दछ ।

| आयोजनाको नाम | आयोजना कोड | उपभक्ता संस्थाको नाम | सम्झौता रकम | सम्पन्न रकम |
|---|---|---|---|---|
| अँधेरीटारी खेत सिंचाई आयोजना | १०४०२एसआई०२६ | अँधेरीटारी खेत सिंचाई जल उपभोक्ता संस्था | १५,९२,२५२। | १५,९१,८९६। |
| दुविनी चौर सिंचाई आयोजना | १०४०२एसआई१०० | दुविनी चौर सिंचाई जल उपभोक्ता संस्था | २५,४३,१४९। | २५,४२,४६८। |
| डोचेको सिंचाई आयोजना | १०४०२एसआई१०२ | डोचेको सिंचाई जल उपभोक्ता संस्था | २४,८१,८२९। | २४,७५,१७६। |
| सिस्नेखोला ठूलोखेत सिंचाई आयोजना | १०४०२एसआई१०५ | सिस्नेखोला ठूलोखेत सिंचाई जल उपभोक्ता संस्था | २८,४६,८२३। | २८,४६,६५०। |
| अँधेरीखोला मुहान बोटे सिंचाई आयोजन | १०४०२एसआई१०६ | अँधेरीखोला मुहान बोटे सिंचाई जल उपभोक्ता संस्था | १८,०३,४२३। | १८,०३,२३१। |
| धारापानी कोल्टार सिंचाई आयोजना | १०४०२एसआई१०९ | धारापानी कोल्टार सिंचाई जल उपभोक्ता संस्था | १९,७९,०५३। | १९,७८,३२४। |
| पोक्टिङ टक्सार विगुटार सिंचाई योजना | १०४०२एसआई११० | पोक्टिङ टक्सार विगुटार सिंचाई जल उपभोक्ता संस्था | ५२,४१,४०३। | ५२,४०,८३४। |
| ठूलोखोला सिंचाई आयोजना | १०४०२एसआई१११ | ठूलोखोला सिंचाई जल उपभोक्ता संस्था | ३३,६४,१७७। | ३२,६८,५०८। |

## १९ निरीक्षण तथा परिक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष कम्प्युटर, प्रिन्टर, ल्यापटप, जस्ता मालसामानको खरिद गरेकोमा मालसामानको निरीक्षण तथा परीक्षण गरेको देखिएन । स्पेशिफिकेसन बमोजिम समान प्राप्त गर्न सामानको निरीक्षण तथा परीक्षण गराउनु पर्छ ।

## २० निर्माण कार्यको नर्म्स

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्सका आधारमा गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले सञ्चालन गरेका भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको विभिन्न नर्म्स प्रयोग गरेको देखिन्छ । लागत अनुमानमा प्रयोग गरिने नर्म्समा एकरुपता कायम गर्दै मितव्ययीता कायम हुने गरी स्वीकृत नर्म्सको प्रयोग गर्नु पर्छ ।

२१ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

२२ **लक्ष्य प्रगति**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूचि २ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष लक्ष्य प्रगति विवरण तयार गरी सो सम्वन्धमा समिक्षा गरेको देखिएन ।

२३ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

२४ **फोहोरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२५ **खर्च विश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,७१,४९,३६२।४७ राजस्व बाँडफाँड, अनुदान र अन्य समेत रु.८५,२५,३१,५४६।४७ आम्दानी भएकोमा चालु तर्फ रु.६०,८९,८७,४००।६९ र पूँजिगत तर्फ रु.१७,१०,०३,८६७। गरी रु.७७,९९,९१,२६७।६९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.१९ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,३१,५१,१५०। खर्च भएको छ जुन आन्तरिक आयको ७६.६८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७९.९४ प्रतिशत चालु र २०.०६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

२६	**अनुदान फिर्ता**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण वाहेकका निम्नानुसार अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धीत संचितकोषमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले देहाय अनुसार अनुदानको रकम आर्थिक वर्षको अन्त्यमा फिर्ता गरेको छ । आर्थिक वर्षको अन्त्यमा बाँकी रहेको मौज्दात रु.४,१८,१६,८६५।९१ कोष तथा लेखा नियन्त्रक कार्यालय र प्रदेश लेखा इकाइ कार्यालयमा फिर्ता गरेको छ ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | फिर्ता मिति |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | ३६,७८,६८,००० | ३३.५८.९७.९२७.०९ | ३,२२,५०,०७२.९१ | २०८१।३।३० |
| | विशेष | १,४५,००,००० | १,३१,२६,२६१ | १३,७३,७३९ | |
| | समपुरक | १,१५,००,००० | ८७,६४,७७९ | २७,३५,२२१ | |
| **प्रदेश सरकार** | शसर्त | १,७५,07,००० | १,६६,१४,९१३ | ८,२९,०८७ | २०८१।३।३१ |
| | समपुरक | १,३०,००,००० | ८१,५४,२५४ | ४८,४५,७४६ | |
| | **जम्मा** | **४१,२६,७५,०००** | **३८,२५,५८,१३४.०९** | **४,१८,१६,८६५.९१** | |

२७	**प्रकोप व्यवस्थापन कोष**

विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३(१४) मा विपद व्यवस्थापनका लागि प्रत्येक स्थानिय तहमा विपद व्यवस्थापन कोष रहने र त्यसको व्यवस्थापन स्थानिय तहको नियम वमोजिम हुने कुरा व्यवस्था रहेको छ ।नगरपालिकाले विपद जोखिम न्यूनिकरण तथा व्यस्थापन ऐन २०७५ जारी गरेको छ । यस कोष तर्फ गत वर्षको मौज्दात रु.११,९५,२०६। रहेकोमा यस वर्ष रु. १,००,०००। खर्च गरि वाँकी रु. १०,९५,२०६ देखिन्छ ।

२८	**करार कर्मचारी**

२८.१	स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेक्षण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ । कार्यालयले विभिन्न पदमा कर्मचारीहरु करारमा राखी रु.१,५०,२७,१८२।५० खर्च गरेको देखिन्छ ।

२८.२	**तोकिएको सेवा बाहिरका करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकावाट प्राप्त विवरण अनुसार उल्लेखित पदहरुमा बाहेक २ कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.६,६६,९०४। भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था बमोजिम कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएको छैन ।

| | |
|---|---|
| अनियमित भएको | ६,६६,९०४ |

२९	**आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७० मा गाउँपालिका तथा नगरपालिकाले स्थानीय कानून बमोजिम आकस्मिक कोष स्थापना गरी सञ्चालन गर्न सक्ने व्यवस्था रहेको छ । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी आर्थिक सहायता वितरण गरेको देखिन्छ । पालिकाले मापदण्ड र कार्यविधि नवनाई विभिन्न व्यक्तिहरुलाई यो वर्ष रु.१२,५०,०००। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,७१,४९,३६२।४७ को ७.२९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

३० **मर्मत खर्च**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्द म.ले.प.फा.नं.४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मतमा रु.३३९८१८१। र मेसिनरी औजार तथा अन्य मर्मत सम्भारमा रु.५७६२८८। गरी रु.३९,७४,४६९। खर्च गरेको छ । लागत अनुमान तयार गरी सम्भार तथा संरक्षण अभिलेख समेत राखी सवारी साधन मर्मत गराउनु पर्दछ ।

३१ **ईन्धन खर्च**

कोशी प्रदेशको सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधानको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन खर्चको कुनै मापदण्ड नै तयार नगरी इन्धनमा रु.४४,५३,५४४। खर्च गरेको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने सवारी साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । प्रत्येक सवारी साधनको प्रयोगको लगबुक राखि सम्बन्धी पदाधिकारीले प्रमाणित गर्नुपर्नेमा लगबुक अध्यावधिक राखेको पाइएन । पालिकाले व्याकहो लोडर, टिपर र दमकलमा प्रयोग भएको इन्धनको खर्च समेत समावेश भएको जनाएको छ । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाई लग बुक प्रमाणित गरी राख्ने व्यवस्था गर्नुपर्दछ ।

३२ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च(रु.हजारमा) | त्रैमासिक खर्च रु.हजारमा | | | | आषाढ महिनाको खर्च रु हजारमा |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | 156591 | ८१२२ | १२६७३ | २७१३३ | १०८६६३ | ९०३१९ |
| जम्मा | 85.01 | 4.41 | 6.88 | 14.73 | 58.99 | ४९.०३ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१५ करोड ६५ लाख ९१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. ८१ लाख २२ हजार (४.४१ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड २६ लाख ७३ हजार (६.८८ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ७१ लाख ३३ हजार (१४.७३ प्रतिशत) र चौंथो त्रैमासिकमा रु.१० करोड ८६ लाख ६३ हजार (५८.९९ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ३ लाख १९ हजार (४९.०३ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३३ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा वडागत र पालिकास्तरका कुल ३४१ योजनामा वजेट विनियोजन गरेको छ ।

| 1. क्र. सं. | . कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय तथा वडास्तरीय | ३४१ वटा | ७ | २६ | ३०८ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये कार्यालयले उपलब्ध गराएको विवरण अनुसार सबै योजना कार्यान्वियन गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण गरि लागत प्रभावी हुने गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

## ३४ उपभोक्ता समिति मार्फत कार्यक्रम संचालन

सार्वजनिक खरिद नियमावली को नियम ९७(१) मा यस नियमावलीमा अन्यत्र जनसुकै कुरा लेखिएको भएता पनि एक करोड सम्म लागत अनुमान भएको निर्माण कार्य र सो सम्बन्धी सेवा उपभोक्ता समिति बाट गराउन सकिने व्यवस्था गरेको छ । पालिकाले निम्नानुसार तालिम तथा खेलकुद कार्यक्रम सञ्चालनका लागि पालिका र वडा स्तरमा स्थायी संयन्त्र विकास गरेर कार्यक्रम सञ्चालन गर्नुपर्नेमा वजेटमा व्यवस्था भएका खेलकुद तथा महिला सशक्तिकरण कार्यक्रमहरु उपभोक्ता समिती मार्फत सञ्चालन गरेको छ । उपभोक्ता समिती गठन गरी कार्यक्रम सञ्चालन हुँदा कार्यक्रमको दीर्घकालिन रुपमा विकास हुन सक्ने देखिँदैन । महिला सशक्तिकरण, खेलकुद क्षेत्रको विकासका लागि स्थायी संयन्त्र मार्फत कार्यक्रम गराउनु पर्नेमा उपभोक्ता समिति मार्फत कार्यक्रम सञ्चालन गरेको नियमसम्मत नदेखिएको रु.

| गो.भौ. नं. र मिति | कार्यक्रम विवरण | रकम रु. |
|---|---|---|
| ९६।२०८०।९।२६ | बाटेको धुप बनाउने तालिम सि.न.पा. ५ | १,००,००० |
| १६७।२०८०।११।२६ | खेलकुद कार्यक्रम संचालन सि.न.पा. १ | २,००,००० |
| १९८।२०८१।१।२७ | साबुन बनाउने तालिम संचालन उ.स. सि.न.पा.४ | २,५०,००० |
| २३०।२०८१।२।२४ | सूचनाको हक सम्बन्धी अभिमुखिकरण तालिम उ.स. सि.न.पा.४ | १,००,००० |
| २४१।२०८१।२।३० | खेलकुद कार्यक्रम संचालन सि.न.पा. ३ उ.स. | १,५०,००० |
| ३०३।२०८१।३।१८ | खेलकुद कार्यक्रम संचालन सि.न.पा. ८ उ.स. | ३,५०,००० |
| **जम्मा** | | **११,५०,०००** |

| | |
|---|---|
| अनियमित भएको | ११,५०,००० |

## ३५ अनुगमन प्रतिवेदन

स्थानीय सरकार संचालन ऐन २०७४ तथा कोशी प्रदेशको नगरसभा सदस्यहरुको सुविधआ सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को अनुसूची १(ख) मा नगरपालिकाको प्रमुख, उपप्रमुख लगायतका पदाधिकारीले प्राप्त गर्ने सुविधा सम्बन्धमा व्यवस्था गरेको छ । सोही अनुसूचीको द्रष्टव्यमा मासिक अनुगमन भत्ता भुक्तानी लिंदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नु पर्ने व्यवस्था समेत रहेको छ । स्थानीय तहमा अनुगमन गरे मासिक सुविधा वापत अनुगमन खर्च मासिक अनुगमन प्रतिवेदन पेश गरेर मात्र खर्च लेख्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र कार्यपालिका सदस्य समेत २२ जनालाई अनुगमन भत्ता प्रदान गर्दा ऐनमा भएको व्यवस्था बमोजिम अनुगमन प्रतिवेदन प्राप्त नगरी मासिक रुपमा भत्ता प्रदान गरेको देखियो । यसरी ऐनमा भएको व्यवस्थाको पालना नगरी खर्च गरिएको रकम नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ११,०४,००० |

३६ **भ्रमण अभिलेख**

भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले भ्रमण आदेश नं, भ्रमणमा खटिने पदाधिकारीको नाम र दर्जा, खटिएको स्थान, मिति लगायतको विवरण खुलाई कार्यालय प्रमुखवाट प्रमाणित गरी भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष पदाधिकारी र कर्मचारीलाई रु.३२,८२,१९५ भ्रमण खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको छैन । भ्रमण खर्च अभिलेख राखी खर्च व्यवस्थित गर्नुपर्दछ ।

३७ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाइ, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ । कार्यालयले विविध खर्चमा रु.२९,४८,१२७ खर्च गरेको देखिन्छ । खर्च भुक्तानीमा बिल समावेश रहेको भएतापनि सेवा प्रवाहसँग सम्बन्धित हुने पुष्ट्याईँ समावेश रहेको देखिँदैन । पदाधिकारी सुविधामा अतिथि खर्च मासिक रुपमा उपलव्ध गराएको अवस्थामा विविध खर्चबाट पदाधिकारीको खाना, खाजा तथा चिया लगायत खर्च लेखेको छ । उद्देश्य र औचित्यता प्रमाणित नहुने भुक्तानीलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्नुपर्दछ । विविध खर्च शीर्षकमा लेखांकन गरेको खर्चका केही उदाहरण देहाए अनुसार रहेको छः

| क्र.सं. | गो.भौ नं. र मिति | विवरण | खर्च रकम रु. |
|---|---|---|---|
| १. | १७२।२०८०।११।१६ | १३ औं नगरसभाको खाजा र खाना खर्च | ६६,८४२ |
| २. | ३।२०८०।६।८ | अतिथि सत्कार र कार्यपालिका बैठकको खाजा खाना वापतको खर्च | ५४,७७५ |
| ३. | ३८।२०८०।६।२३ | अतिथि सत्कार खर्च | ६४,९८० |
| ४. | ५८।२०८०।६।२६ | कार्यपालिका बैठकको खाना, खाजा खर्च वापत | १,२३,६५० |
| ५. | ६५।२०८०।६।२९ | विविध खर्च | ३०,१०० |
| ६. | ८७।२०८०।८।१७ | खाजा, खाना खर्च | १६,९२५ |
| ७. | ३४७।२०८१।३।२९ | नगरसभा संचालनमा खाजा खाना वापत | १,०७,६०० |
| ८. | ५१।२०८०।६।२५ | अतिथि सत्कार खर्च | ३८,४०० |
| ९. | ४८।२०८०।६।२४ | विविध खर्च | ५,३०० |
| १०. | २७।२०८०।६।२१ | कार्यालय उद्घाटनको समयमा मन्त्रि लगायतको पाहुनाको खाजा खाना खर्चको भुक्तानी | ९१,४१२ |
| ११. | ५५।२०८०।६।२६ | अतिथि सत्कार लगायत नगर प्रमुखको क्वार्टरमा भएको खाजा, खाना खर्च | ४७,४२० |
| १२. | ७०।२०८०।६।३० | विविध खर्च भुक्तानी | ४८,२०६ |
| १३. | १९२।२०८०।१२।५ | स्थानीय तह संचालन तथा व्यवस्थापन प्रशिक्षन कार्यक्रमको खाजा, खाना खर्च | ८०,१४० |
| १५. | २३३।२०८१।२।२ | स्वास्थ्य शिविर संचालन वापत भुक्तानी | १,२२,८७२ |
| १६. | २३४।२०८१।२।३ | अन्तरपालिका खेलकुदमा नगरपालिकाबाट सहभागी खेलाडिको खर्च | ३९,२८० |
| १७. | ३२९।२०८१।३।२४ | उपप्रमुखको खाजा, खानाको बील रकम भुक्तानी | ६१,३५० |

३८ **सूचना प्रकाशन**

विज्ञापन (नियमन) गर्ने नियमावली, २०८० को नियम ७ मा सरकारी निकायले विज्ञापन वा सूचना प्रकाशन तथा प्रसारणबापतको रकम भुक्तानी गर्दा यस नियमावलीको व्यवस्था बमोजिम गर्नुपर्ने र सरकारी निकायले भुक्तानी गर्दा सञ्चार माध्यमबाट सोझै प्रकाशन वा प्रसारण भएको भए त्यस्तो सञ्चार माध्यमले जारी गरेको बिल बमोजिम तथा नियम ५ बमोजिमको विज्ञापन एजेन्सी मार्फत प्रकाशन

तथा प्रसारण गरिएको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपिसहित त्यस्तो एजेन्सीको सेवाशूल्क खुल्ने गरी सो एजेन्सीले जारी गरेको बिल बमोजिम, नियम ५(ख) अनुसारको दररेटको आधारमा गर्नुपर्ने व्यवस्था छ। साथै विज्ञापन नियमन गर्ने ऐन,२०७६ को दफा २१ मा सरकारी कार्यालयले विज्ञापन बापतको रकमको ३ प्रतिशत रकम विज्ञापन बोर्ड कोषमा दाखिला गर्नुपर्ने ब्यवस्था छ। कार्यालयले विभिन्न सूचना प्रकाशन गर्दा नियम ५(ख) बमोजिमको दर रेट निर्धारण नगरी सोझै एजेन्सीमार्फत सूचना प्रकाशन गराउने र एजेन्सीले पेश गरेको बिजक रकम निजलाई भुक्तानी दिने गरेको र विज्ञापन बापतको रकमको ३ प्रतिशत कोषमा दाखिला नगरी भुक्तानी दिने गरेको पाईयो । सूचना प्रकाशन गर्दा नियमको व्यवस्था अनुसार दर निर्धारण गर्ने र भुक्तानी दिँदा सम्बन्धित संचार माध्यमले जारीगरेको बिजकको छायाँप्रति र एजेन्सीको सेवा शुल्क खुल्ने गरी एजेन्सी जारी गरेको बिल यकिन गरेर ३ प्रतिशत रकम कोष कट्टी गरी विज्ञापन कोषमा दाखिला गरेर मात्र भुक्तानी दिने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ। कार्यालयले यस वर्ष नियमको पालना नगरी सोझै विज्ञापन गरी एजेन्सीलाई भुक्तानी दिएको रकम रु. ४,०१,४७७.६९ नियम सम्मत देखिएन । साथै ३ प्रतिशत रकम कोषमा दाखिला प्रमाण पेस गर्नुपर्ने रु.

| क्र.सं. | भौचर नं. र मिति | एजेन्सिको नाम | भुक्तानी रकम रु. | ३ प्रतिशत रकम रु. |
|---|---|---|---|---|
| १. | १००।२०८०।८।२४ | Alisha Advertising Pvt. Ltd. Dharan Sunsari | १,७८,८९३.६९ | ४७५० |
| २. | १९५।२०८०।१२।५ | Fastech Media Agency Pvt. Ltd. | १,४८,८५१.०० | ३९५२ |
| ३. | १५५।२०८१।२।१६ | सक्रिया मिडिया प्रा. लि. | ७३,७३३ | १९५८ |
| **जम्मा रकम रु.** | | | **४,०१,४७७.६९** | १०६६० |

| प्रमाण पेश नगरेको | १०,६६० |
|---|---|

३९ **नगद कारोबार**

आर्थिक कार्यविधि तथा वित्तीत उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(४) मा नेपाल सरकारबाट सबै प्रकारको भुक्तानी सम्बन्धित व्यक्ति वा संस्थाको बैंक खातामा जम्मा हुने गरि गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै, नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन, २०८० को बुँदा नं. ६१ मा नगद मार्फत भुक्तानी दिँदा हुने जोखिमलाई नियन्त्रण गर्न आपुर्तिकर्ता, सेवाप्रदायक तथा व्यवसायी लगायत सवै प्रकारका कारोबारको भुक्तानी दिँदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले चौमासिक रुपमा वडा कार्यालयलाई उपलब्ध गराउने प्रशासनिक खर्चबाट १२ वटा वडा कार्यालयले यो वर्ष आर्थिक सहायता शीर्षकमा विभिन्न व्यक्तिलाई निवेदन र तोकादेशको आधारमा वडा सचिब बाट नगदै बुझेको भरपाई गराई आर्थिक सहायता वितरण गरेको अनियमित देखिएको रु.

| अनियमित भएको | ११,९५,००० |
|---|---|

४० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा कुनैपनि मालसामन खरिद गर्दा खरिद गर्ने सामग्रीको स्पेशिफिकेसनको अधिनमारहि सम्बन्धित सार्वजनिक निकाय वा जिल्ला स्थित अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो बर्षमा खरिद गरेको सामग्रीको वास्तविक लागत, स्थानीय वजार दर, अन्य बजारको दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर समेतलाई आधार मानि लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्न सकिने, नियम ८५ मा दश लाख रुपैया सम्मको मालसामान सोझै खरिद गर्न सकिने तर एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सिमा भन्दा बढी रकमको सोझै खरिद गर्न नमिल्ने व्यवस्था छ। सोहि नियमावलीको निमय ८६ (२) मा सोझै खरिद गर्दा अपनाउनुपर्ने विधिको समेत व्यवस्था गरेको छ। पालिकाले यस वर्ष कार्यालय संचालन सम्बन्धी सामग्री, स्टेशनरी खरिद लगायतको सामाग्री खरिद गर्दा लागत अनुमान तयार गरी, तिनवटा सप्लायर्सबाट दर माग गरी एकै प्रकारको खरिद पटक पटक खरिद गरी वर्षभरिमा रु.३८,८५,८७४ भुक्तानी दिएको छ। सामग्रीको स्पेक नखुलाई एकै प्रकृतिक सामग्री पटक पटक खरिद गर्दा अपनाउनुपर्ने विधिको पालना नगर्दा खरिद कार्यमा प्रतिस्पर्धा कायम हुन नसक्ने, मितव्ययिता नहुने, सामग्रीमा गुणस्तरियता एकिन हुन नसक्ने देखिन्छ । एकै प्रकृतिको खरिद गर्दा आवश्यकताको पुर्वानुमान गरेर तोकिए बमोजिम लागत अनुमान स्वीकृत गरी लागत अनुमानको

आधारमा खरिद विधिको छनौट गरी प्रतिस्पर्धा कायम हुने गरी खरिद गर्ने र खरिद कार्यमा मितव्ययिता अपनाउनुपर्दछ। यस वर्ष उल्लेखित व्यवस्थाको पालना नगरी देहाय अनुसार सामग्री खरिद गरी दिएको भुक्तानी नियमसम्मत देखिएन। खरिद कार्यमा प्रतिस्पर्धा कायम हुने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

**(विस्तृत विवरण बेरूजु दफा ४० सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

४१ **सञ्चार खर्च**

गाउँ तथा नगर सभा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(ख) मा मासिक रुपमा संचार खर्च उपलब्ध गराउने व्यवस्था अनुसार पालिकाले मासिक रुपमा बैंक खाता मार्फत पदाधिकारीलाई भुक्तानी गरेकोमा देहाएको पदाधिकारीले वडा कार्यालय प्रशासनिक खर्च तर्फ बाट देहाए अनुसारको रकम बुझिलिएको दोहोरो देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **पदाधिकारिको नाम, थर** | **पद** | **रकम रु.** |
|---|---|---|---|
| १. | बसन्त कटवाल | वडा अध्यक्ष | ४,००० |
| २. | लाल बहादुर कामी | वडा सदस्य | ४,००० |
| ३. | गोपाल बहादुर कटवाल | वडा सदस्य | ४,००० |
| ४. | ज्ञान कुमारी भुजेल | वडा सदस्य | ४,००० |
| ५. | रमा परियार | वडा सदस्य | ४,००० |
| ६. | रत्न बहादुर गुरुङ | वडा अध्यक्ष | ११,००० |
| **जम्मा** | | | ३१,००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,००० |

४२ **स्थानीय भत्ता**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्डभत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । कार्यालयबाट भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्ने कर्मचारीको नमूना परीक्षण गर्दा तालिम अवधिको स्थानीय भत्ता कट्टा गरी भ्रमण भत्ता भुक्तानी गर्नुपर्नेमा नगरी भुक्तानी गरेको देखिएकोले उक्त तालिम अवधिको स्थानीय भत्ता असुल गर्नुपर्ने रु.

| **क्र.सं.** | **कर्मचारीको नाम, थर** | **भ्रमण गरेको स्थान** | **अवधि र दिन** | **प्रायोजन** | **भूक्तानि रकम** |
|---|---|---|---|---|---|
| १. | फणेन्द्र बहादुर कटवाल | शिक्षा तालिम केन्द्र | २०८०।१०।२८ देखि १२।२ सम्म ३४ दिन | तालिम | ४२५० |
| **जम्मा** | | | | | **४२५०** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,२५० |

४३ **बढी भुक्तानीः**

नगर कार्यपालिकाको मिति २०८० असोज ३० गते सञ्चालन भएको कार्यापालिकाको बैठकको निर्णय नं. १७ अनुसार सिद्धिचरण नगरपालिकाको पाँचौ नगर सभाको निर्णय बमोजिम निरन्तर प्रमुख प्रशासकीय अधिकृत र लेखा अधिकृतलाई मासिक रुपमा शुरु तलब स्केलको २५ प्रतिशत थप प्रोत्साहन भत्ता उपलब्ध गराउने निर्णय निरन्तरता गरेकोमा देहाएको कर्मचारीलाई ग्रेड सहितको तलब रकमको २५ प्रतिशत भुक्तानी गरेको असुल गर्नुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम, थर | महिना | शुरु तलब अनुसार पाउनुपर्ने | भुक्तानि भएको रु. | बढी भूक्तानि रकम रु. |
|---|---|---|---|---|---|
| १. | बलराम लम्साल | साउन | १०,९२२ | १३,८३४ | २,९११ |
| | | भाद्र | १०,९२२ | १३,८३४ | २,९११ |
| | | असोज | १०,९२२ | १३,८३४ | २,९११ |
| **जम्मा** | | | | | **८,७३३** |

| असुल गर्नुपर्ने | ८,७३३ |
|---|---|

## ४४ वीउ पुँजि अनुगमन

अपांगता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम(सञ्चालन) मार्गदर्शन, २०८० को अनुसूची ५ को १६ बमोजिम व्यवस्था र परिचालन सम्बन्धी व्यवस्था रहेको छ । पालिकाले यो वर्ष अपांगता भएका व्यक्तिहरुको १२ वटा मिलिजुली समूहमा प्रति समुह ५० हजारको दरले बैंक खाता मार्फत मिति २०८१।३।१७ मा वीउ पुँजी हस्तान्तण गरेको छ । कार्यक्रमसंग सम्बन्धित सूचना नियमित संकलन गरी व्यवस्थापन सूचना प्रणालीको प्रयोग बाट गरी पालिकाले मिलिजुली समुहका सदस्यद्वारा वीउ पुँजी बाट संचालित जीविकोपर्जनसंग सम्बन्धित क्रियाकलापहरुको कार्यक्रम मार्गदर्शन मा तोकिएको सूचकको प्रयोग गरी नियमित रुपमा मूल्यांकन तथा अनुगमन गरी कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्नुपर्दछ ।

## ४५ भ्रमण अवधिको भत्ता

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्डभत्ता, बैठक भत्ता, तालिम भत्ता, स्थानीय भत्ता वा अन्य कुनै किसिमको भत्ता नपाउने व्यवस्था छ । कार्यालयबाट भ्रमण आदेश स्वीकृत गराई भ्रमण गर्ने कर्मचारीको नमूना परीक्षण गर्दा देहाए बमोजिमको कर्मचारीले विभिन्न मितिको भ्रमण अवधिको भत्ता समेत बुझेको देखिएकोले असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम,थर | दैनिक भ्रमण भत्ता उपभोग गरेको दिन | मासिक प्रोत्साहन भत्ता रु. | प्रति दिन प्रोत्साहन भत्ता रु. | दोहोरो भुक्तानी रु. |
|---|---|---|---|---|---|
| १. | बलराम लम्साल | ३१.२५ दिन | १०९२२ | ३६४ | ११,३७५ |

( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **९,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| असुल गर्नुपर्ने | ११,३७५ |
|---|---|

## ४६ वितरणमुखी खर्च

स्थानीय तहले योजना छनोट गर्दा रोजगारी सिर्जानिहुने जनताको जीवनस्तर उठाउने आयआर्जन सँग प्रत्यक्ष सम्बन्ध भएको र पूर्वाधार विकासका आयोजनाहरुको छनोटमा ध्यान दिनुपर्दछ । गाउँपालिकाले संघीय सरकारबाट सीमित स्रोत प्राप्त गर्ने र आफ्नो आन्तरिक स्रोत सीमित रहेको अवस्थामा सीमित स्रोतको अधिकतम उपयोग हुने गरी उल्लेखित विषयहरुमा केन्द्रित भई योजना कार्यान्वयन गर्नुपर्नेमा लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा वितरणमुखि योजना कार्यक्रमहरु संचालन गर्ने गरेको देखियो । यस्तो योजना र कार्यक्रमहरुले राष्ट्रिय अर्थतन्त्रमा उल्लेखनीय योगदान नपुर्याउने भएकोले कार्यालयले तिज विशेष कार्यक्रम, खेलकुद कार्यक्रम, जेष्ठ नागरिक सम्मान कार्यक्रम, जेष्ठ नागरिक दिवा सेवा, दिवसिय कार्यक्रम संचालन,भेषभुषा खरिद, संस्कृति संरक्षण लगायतको कार्यक्रममा रु.२७ लाख ६४ हजार खर्च लेखेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ४७ कुन्ता मावि ज्यामिरे सडक

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा सार्वजनिक निकायले खरिद सम्झौता अनुसार रनिङ विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारका शर्त बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष ठेक्का नं. Works/NCB/06/2080/81 अन्तर्गत कुन्ता मावि ज्यामिरे सडकको निर्माण कार्य

२०८१।०२।३० गते भित्र सम्पन्न गर्नेगरी रु.२२,०४,७८१ मा निर्माण व्यवसायी देभान्स कन्स्ट्रक्सन प्रा.लि. सँग २०८०।१०।१६ गते सम्झौता गरेको देखिन्छ । उक्त सडकमा विभिन्न प्रकारको माटो (Top soil, soft soil, gravel and boulder mixed soil)र मझौला तथा कडा चट्टान (Medium and hard rock) खन्ने र यसरी खनेको मध्ये केही परिमाणलाई सोही स्थानमा लगाउने र बचेको बाँकीलाई १ किमि टाढा फ्याक्ने गरी देहायको परिमाण र दर विओक्यूमा राखेर सम्झौता भएको छ । सो सडकको नाप जाँच तथा मूल्यांकनमा खनेको परिमाण १६.९७ प्रतिशतले घटेको र फ्याक्ने परिमाण ११.१९ प्रतिशतले बढेको देखाएको छ । खन्ने र फ्याक्ने कार्य एक अर्कासँग सम्वन्धित कार्य भएकोले खनेको माटो र चट्टान मध्ये सोही स्थानमा मिलाएर बाँकी रहेको परिमाणमात्र फ्याक्ने भएकोले विओक्यूको अनुपातमा फ्याक्ने परिमाण नाप जाँचबाट कायम हुनुपर्नेमा प्राविधिक पुष्ट्याई वेगर बढी फ्याकेको परिमाण (बढी लिड) दिएकोले सो सम्वन्धमा छानविन गरी असुल गर्नुपर्ने देखिएको रु.

| आईटमको प्रकृति | विओक्यूको परिमाण (घनमीटरमा) | नाप जाँच तथा मूल्यांकन परिमाण (घनमीटरमा) | विओक्यू र मूल्यांकनको फरक | प्रतिशत परिवर्तन | माटो फ्याँक्ने कार्यको दर | हुनुपर्ने परिमाण (घन मिटरमा) | बढी देखाएको परिमाण (घन मिटरमा) | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| खन्ने कार्य | ७६५१.३५ | ६३५२.६५ | १२९८.७० | (१६.९७) | - | - | - | - |
| फ्याक्ने कार्य | २७८५.४५ | ३०९७.१५ | ३११.७० | ११.१९ | २५० | २३६७.६३ | ७२९.५२ | १८२३८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८२,३८० |

४८ **गरिवसँग विश्वेश्वर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनमिना, हानीनोक्सानी वा लापरहाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने व्यवस्था रहेको छ । गरिवसँग विश्वेश्वर कार्यक्रम अन्तर्गत कार्यालयले उपलव्ध गराएको यो वर्षको प्रतिवेदन अनुसार घुम्तिकोष लगानी रु.११,८७,९४०। र वीउपूँजी लगानी रु.२,९०,०००। गरी जम्मा रु.१४,७७,९४०।लगानी रहेको देखाएको छ । प्रतिवेदनमा उल्लेख भए अनुसार लगानी प्रवाह गरेका समूह मध्ये लालीगुराँस समूहका दुई सदस्यले रु.३१,९४०।नवुझाएको देखाएकोले सो रकम हिनामिना हुन नदिई संकलन गर्नुपर्ने देखिएको

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,९४० |

४९ **जिन्सी आम्दानी नवाँधेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले जिन्सी मालसामान सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने उल्लेख छ । त्यसैगरी आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने उल्लेख छ । कार्यालयले राष्ट्रपति महिला सशक्तिकरण परियोजना अन्तर्गत जीविकोपार्जन सुधारका लागि अधेरी मोप्लोदयाल महिला उद्दमी उपभोक्ता समितिलाई रु.२,००,०००। पेश्की दिएकोमा सो समितिले तान, आल्मुनियम बाटा, धारा, निप्पल, डस्टप्यान, हार्पिक, ३०० लिटर हिलट्याङ्क, काँचो धागो, चर्खा जस्ता मालसामान खरिद गरेको जनाई विल भरपाई पेश गरी पेश्की फर्छौट गरिएको छ । तर यसरी खरिद गरिएका मालसामान कार्यालयले आम्दानी जनाएको छैन । यस्ता मालसामान कार्यालयले आम्दानी जनाई हस्तान्तरण गरी सम्वन्धित संस्थाले आम्दानी बाँधेको प्रमाण पेश गरेपछि लगत कट्टा गर्नुपर्नेमा कार्यालय तथा संस्थामा आम्दानीनै नजनाएकोले जिन्सी आम्दानी बाँधेको प्रमाण पेश हुनुपर्ने

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

५० **डोजर सञ्चालन**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाको नाउँमा २ वटा डोजर रहेकोमा सञ्चालन गर्दाको वार्षिक आय देखाएको छैन। तर कार्यालयले सोको सञ्चालन गर्दाको मर्मत खर्च रु.७,५१,३१४।५१ र त्यसको ईन्धन खपत १४,९२० लिटर देखाएको छ । कार्यालयले डोजर कहाँ, कहिले र कति समयको लागि सञ्चालन भएको व्यवस्थित अभिलेख राखेको देखिएन । कार्यालयले डोजर, एम्वुलेन्स जस्ता साधन सञ्चालन सम्वन्धमा सो सम्वन्धी कार्यविधि बनाई उपलव्ध सम्पत्तिको सदुपयोगमा समुचित ध्यान दिनुपर्ने देखिन्छ ।

५१ **बढीको बिल**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले चुप्लुवेशी झोलुङ्गे पुलको लागत अनुमान रु.३४,२०,५११।२५ स्वीकृत गरेको र सो रकममा उपभोक्ता समितिसँग योजना सम्झौता गर्नु पर्नेमा रु.३५,५३,२५७।४४ को योजना सम्झौता गरेको देखाएको छ । उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेपछि त्यसको नाँपजाँच गरी रु. ३४,८४,७६७।१९ मा पुलको निर्माण सम्पन्न भएको देखाएको छ । कार्यालयले निर्माण सम्पन्न गरेको जनाई अन्तिम विल तथा कार्यसम्पन्न प्रतिवेदन बनाएको भएता पनि वजेट रकमको कमी देखाई भुक्तानी वाँकी देखाएको छ । निर्माण सम्पन्न रकममा जनसहभागिता वापतको रु.१,२२,६५३।८५ कट्टा नगरेको र सम्झौता रकममा भेरियशन नभएको स्थितिमा सम्झौता रकम भन्दा नापजाँचबाट बढी मूल्यांकन देखाएको रु.६४,२५५।९४ समेत दुवै गरी जम्मा रु.१,८६,९०९।७९ बराबरको बढीको ठेक्का विल बनाएकोले भुक्तानी दिन नहुने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,८६,९०९.७९ |

५२ **राजस्व अभिलेखको निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए नभएको र नियम ५९ बमोजिम लगती तथा हसवली राजस्वको अभिलेख निरीक्षण गरी त्यसको अभिलेख अद्यावधिक गराउन लगाउनु पर्ने व्यवस्था रहेको छ । यो वर्ष प्रमुख प्रशासकीय अधिकृतबाट वडा कार्यालय तथा प्रमुख प्रशासकीय कार्यालयमा त्यस्तो निरीक्षण गरेको देखिएन । राजस्व अभिलेखको नियमित रुपमा निरीक्षण गरी अभिलेख अद्यावधिक गर्न लगाई कानूनको पालनामा ध्यान दिनुपर्छ ।

५३ **लागत सहभागिताका योजनालाई प्राथमिकता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(३घ) मा योजना बनाउँदा स्थानीय जनसहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने र लागत कम लाग्ने विषयलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरिएको छ । कार्यालयले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिंदै नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्नेमा सो अनुसार आयोजना तथा कार्यक्रम सञ्चालन गरेको देखिएन । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

५४ **राजस्व अभिलेख**

कार्यालयले यस वर्ष रु १,७१,४९,३६२।४७ आन्तरिक राजश्व प्राप्त गरेको छ । कार्यालयले छपाईको निर्णय सहित छपाई भएको आम्दानी रसिद प्रयोग सम्वन्धमा रसिद नियन्त्रण खाता तयार गरेर नेपालको सरकारी लेखा फारामहरु २०७६ अनुसार कार्यालयले राजश्व आम्दानीको शीर्षकगत खाता (म.ले.प.फा.नं. १०४), दैनिक गोश्वारा खाता (म.ले.प.फा.नं.१०५), दैनिक नगद प्राप्त गोश्वरा खाता (म.ले.प.फा.नं. १०६), दैनिक वैंक भौचर प्राप्त गोश्वारा खाता (म.ले.प.फा.नं. १०७), राजस्व/आम्दानीको लगत र असुली प्रतिवेदन(म.ले.प.फा.नं. ११३) लगायत राजस्व आम्दानीको स्रेस्ता खडा गरी आर्थिक विवरण तयार गर्नु पर्छ । उल्लिखित फारम प्रयोग गरी राजश्व प्राप्ती गरी प्रतिवेदन नगरेको, आम्दानी रसिद छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको प्रयोग भएको पुर्ण अभिलेख कार्यालयमा नआएको र अघिल्लो आर्थिक वर्षमा वाँकी रहेका रसिदको प्रयोग अवस्था समेत नखुलेकोले आम्दानी एकिन हुने

अवस्था रहेको छैन । नेपालको सरकारी लेखा फारामहरु, २०७६ अनुसार राजश्व सम्वन्धी मलेप फारमको अनिवार्य प्रयोग गरी राजश्व अभिलेख, भिडान तथा प्रतिवेदन प्रणाली व्यवस्थित गर्नु पर्दछ ।

## ५५ ठाडे पातले वडा कार्यालय जाने बाटो

५५.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम उसको ढिलाईका कारणले सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत हर्जना दिनुपर्ने व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७९।८० मा संघीय समपूरक अनुदानबाट कार्यालयले ठाडे पातले वडा कार्यालय जाने सडक स्तरोन्नती कार्य गर्न ठेक्का नं. Works/NCB/12/2079/80 बाट निर्माण व्यवसायी नायक कन्स्ट्रक्सन कम्पनीसँग रु.५८,६८,६१९।०२ मा २०८०।३।०८ भित्र उक्त सडकको निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।१२।०६ मा सम्झौता गरेको देखिन्छ । कार्यालयले सो निर्माण व्यवसायीलाई प्रथम रनिङ विलबाट रु.२७,९३,८१८।५१ र दोस्रो रनिङ विलबाट रु.१५,४४,९४६।८७ गरी जम्मा रु.४३,३८,७६५।३८ भुक्तानी गरेको छ । योजनाको भौतिक प्रगति ७४.२८ प्रतिशत देखाएको छ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्ः

५५.२ कार्यालयले पालिकाको २०८०।३।२३ को निर्णयबाट २०८०।६।२० सम्म म्याद थप गरेकोमा र थपिएको म्यादमा समेत निर्माण व्यवसायीले सम्झौता अनुसार कार्य सम्पन्न नगरेकोले सम्झौता रकमको अधिकतम दश प्रतिशत हर्जना लगाएको देखिन्छ भने अर्को पटक म्याद थप तथा निर्माण कार्य सम्पन्न गर्नगराउन थप कारवाही गरेको छैन ।

५५.३ सो निर्माण व्यवसायीलाई निजबाट अघिल्ला वर्षको असुल गर्नु पर्ने वेरुजु रु.४,६९,७१०।र सो योजनाको पूर्व निर्धारित क्षतिपूर्ति रु.५,८६,८६२।गरी जम्मा रु. १०,५६,५७२। असुल गरेको देखाएकोमा संघीय पूँजीगत तर्फ रु. ६,३०,२५७।र नगरपूँजीगत तर्फ रु. ३,५९,६८०। गरी जम्मा रु.९,९०,२०७।दाखिला गरेको भौचर संलग्न गरेको देखिएकोले घटी दाखिला गरेको रकम सम्वन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,३६५ |

## ५६ आम्दानी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(२) मा जिम्मेवार व्यक्तिले दश दिनसम्म ढिला गरी दाखिला गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना रकम समेत गरी दाखिला गर्न लगाउने र सो भन्दा पनि बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालय तथा सो अन्तर्गतका वडा कार्यालयहरुबाट देहाय बमोजिम आम्दानी रकम ढिलो दाखिला गरेको हुँदा त्यसो गर्ने वडामा कार्यरत सम्वन्धित कर्मचारीहरुलाई जिम्मेवार बनाउँदै छानविन गरी असुल गर्नुपर्ने देखिएको

| सि.न. | कार्यालय | महिना | दाखिला मिति | दाखिला रकम | जरिवाना |
|---|---|---|---|---|---|
| १ | १ नं वडा कार्यालय | २०८०।०५।०१ देखि २०८०।१०।२६ | २०८०।१०।२६ | १५८४५ | १५८४ |
| २ | २ नं वडा कार्यालय | २०८०।०५।०२ देखि २०८०।११।३० | २०८०।१२।२५ | ६६१०३.५० | ६६१० |
| ३ | ५ नं वडा कार्यालय | २०८०।०६।०३ देखि २०८१।०३।३१ को | २०८१।०३।१४, ३० र ३१ मा दाखिला गरेको | ४७३४१३ | ४७३४१ |
| ४ | १० नं वडा कार्यालय | २०८०।०४।०१ देखि २०८०।११।३० | २०८०।१२।१३ | २३३६५ | २३३६ |
| 5 | १० नं वडा कार्यालय | | २०८०।०९।०८ | १२१२० | १२१२ |
| 6 | १० नं वडा कार्यालय | २०८१।०१।१५ देखि २०८१।०३।२५ | २०८१।०३।२५ | ११६९०० | ११६९० |
| **जम्मा** | | | | **७०७७४६.५०** | **७०७७४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७०,७७४ |

५७ **निशंखे काफलवोट सडक**

निशंखे काफलवोट सडकः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिंदा लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने उल्लेख छ । कार्यालयले सडक वोर्ड नेपालको लागत साझेदारीमा (७०ः३०) निशंखे काफलबोटबाट नारायणस्थानको सीमाना जोड्ने सडक मर्मतको लागि लागत अनुमान रु.६,२९,७४७।३१ स्वीकृत गरेको र सो रकममा उपभोक्ता समितिसँग योजना सम्झौता गरी कार्यादेश दिएको देखाएको छ । उपभोक्ता समितिले मर्मत कार्य सम्पन्न गरेपछि त्यसको नाँपजाँच गरी रु. ६,२९,७४७।३१ मा सम्पन्न गरेको देखाएता पनि रु.६,४५,६६४।भुक्तानी गरेको हुँदा बढी भुक्तानी गरेको रु.१५,९१७।सम्वन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,९१७ |

५८ **झोलुङ्गे पुलको भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(७) मा सार्वजनिक निकायले रनिङ विल वा कुनै विल वीजकको भुक्तानी खरिद सम्झौतामा उल्लिखित अवधिभित्र दिनु पर्ने व्यवस्था रहेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित पूँजीगत कार्यक्रम अन्तर्गत् अघिल्ला आर्थिक वर्षहरुमा कार्य प्रारम्भ गरी यो वर्षमा उपभोक्ता समितिहरुबाट निर्माण कार्य सम्पन्न गरेका देहाय बमोजिमका पुलहरुको रु.१९,५३,७३३।६९ भुक्तानी गरेको देखिएन । कार्यालयले निर्माण कार्य स्वीकार गरेर कार्य स्वीकार प्रतिवेदन स्वीकृत गरिसकेपछि सम्झौता बमोजिमको रकम समय अवधिभित्र भुक्तानी गर्नुपर्दछ ।

| पुलको नाम | सम्झौता रकम | मूल्यांकन रकम | भुक्तानी रकम | बाँकी रकम |
|---|---|---|---|---|
| ढाँड खोला ट्रस पुल | १०,९७,०३७।२० | १०,९५,३९९।७६ | ७,८४,२५५।७६ | ३,११,१४४ |
| रक्तेपु खोला (जावुक) झोलुङ्गे पुल | २०,१०,३१७ | १९,९३,८६७।४७ | १४,१०,५०१।४७ | ५,८३,३६६ |
| चुप्लु वेशी झोलुङ्गे पुल | ३५,५३,२५७।४४ | ३४,२०,५११।२५ | २३,६१,२८७।५६ | १०,५९,२२३।६९ |
| **जम्मा** | | | | **१९,५३,७३३।६९** |

५९ **प्रदेश समपूरक अनुदानको खर्च**

कोशी प्रदेश समपूरक अनुदान सम्वन्धी कार्यविधि (संशोधन सहित) २०७५ को वुँदा नं.९(१घ) मा समपूरक अनुदान अन्तर्गत सञ्चालन हुनेगरी छनौट भएको आयोजना वा कार्यक्रमका लागि वजेटमा विनियोजित रकम सो बाहेक अर्को आयोजना कार्यक्रमको नाम, क्रियाकलाप, आयोजना स्थल परिवर्तन गर्न वा त्यस्तो आयोजना वा कार्यक्रममा विनियोजित रकमबाट कुनै रकम अन्य कार्यक्रममा रकमान्तर गर्न नपाईने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष प्रदेश समपूरक अनुदानबाट सालबसाली सञ्चालन हुने आहालडाँडा ओखरवोट वडा नं. ३ कार्यालय अधेरी हुँदै निशंखे जाने बाटो स्तरोन्नती आयोजनाको लागि लागत साझेदारीमा ठेक्का लगाई रु.३४,४५,३८८।३३ मा निर्माण सम्पन्न गरेको देखिन्छ । प्रदेशसँग आयोजना छनौट सम्वन्धी प्रक्रिया पूरा गरेर प्रस्तावित आयोजना सम्पन्न भईसकेपछि खर्च नभई बचेको रकम प्रदेश सरकारलाई फिर्ता गर्नुपर्नेमा प्रदेश सरकारको स्वीकृति नलिई पालिकाको सभाको निर्णयका आधारमा सोही आयोजनाको थप निर्माण कार्यमा रु.१२,७३,७३४। खर्च गरेको देखियो । यसरी समपूरक अनुदानको कार्यविधि विपरित खर्च गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १२,७३,७३४ |

६० **पर्यटन पूर्वाधार विकास आयोजना**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१(क) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम उसको ढिलाईका कारणले सम्झौतामा तोकिएको म्यादभित्र सम्पन्न गर्न नसकेमा सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत हर्जना दिनुपर्ने व्यवस्था गरेको छ । आर्थिक वर्ष २०७८।७९ मा पर्यटन पूर्वाधार तथा पर्यटन उपज विकास साझेदारी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) निर्देशिका बमोजिम पर्यटन मन्त्रालयको ६५ प्रतिशत र पालिकाको ३५ प्रतिशतको लागत साझेदारीमा सिद्धिचरण नगरपालिका वडा नं.१२ श्रष्टापार्कमा पर्यटकीय पूर्वाधार निर्माण कार्य गर्न ठेक्का नं. Works/NCB/38/2077/78 बाट श्याम सुन्दर।नेपाल फूलवारी जेभी कम्पनीसँग रु.४,२०,३६,३२८।५६ मा २०८० भाद्र मसान्त भित्र निर्माण कार्य सम्पन्न गर्नेगरी २०७८।०६।०५ मा सम्झौता गरेको देखिन्छ । तोकिएको समयमा निर्माण कार्य नसकेपछि नगरपालिकाले २०८०।५।१५ को निर्णयबाट २०८० फाल्गुन मसान्तसम्म ठेक्काको म्याद थप गरेको र उक्त थपिएको म्याद सकिएपछि हालसम्म ठेक्काको म्याद थप गरेको तथा ठेक्का सम्वन्धी थप कारवाही गरेको छैन। कार्यालयले सो निर्माण व्यवसायीलाई यो वर्षको भुक्तानी रु.९०,०६,७७९।०८ सहित कुल रु.२,४४,०१,४५१।५७ (फर्स्यौट गर्न वाँकी पेश्की बाहेक) भुक्तानी गरेको जनाएको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार हालसम्म भौतिक प्रगति ६५ प्रतिशत रहेको छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार लागत साझेदारीमा सञ्चालित उक्त आयोजनाको लागि पर्यटन मन्त्रालयबाट रु.१,१७,६३,२६५। र पालिकाबाट रु.१,६३,३०,६६६। (पेश्की समेत) लागत व्यहोरेको देखिन्छ । कार्यालयले निर्माण व्यवसायीको कारणबाट सम्झौता बमोजिमको अवधिभित्र निर्माण कार्य सम्पन्न हुन नसकेको अवस्थामा सम्झौता बमोजिम हर्जना लगाई म्याद थप गरेर अधुरो निर्माण कार्यलाई सम्पन्न गर्न विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

६१ **राष्ट्रपति महिला सशक्तिकरण परियोजना**

राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्वन्धि मापदण्ड, २०७७ को वुँदा नं. १४ मा प्रस्ताव मूल्यांकन तथा छनौट समितिले दुई वटा संस्था छनौट गरी पहिलो हुने संस्थालाई सिफारिस गर्ने र दोस्रो उच्च अंक प्राप्त गर्ने संस्थालाई वैकल्पिकमा राखी सिफारिस गर्ने र सो विषयको जानकारी स्थानीय तहको वेवसाईट लगायत संचार माध्यमबाट प्रकाशन गर्नुपर्ने व्यवस्था रहेको छ । राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम प्रस्ताव मूल्यांकन तथा छनौट समितिको २०८०।१२।१३ को निर्णय अनुसार एकमात्र सहकारी संस्थालाई छनौट गरेको देखिन्छ । यस सम्वन्धमा एकमात्र प्रस्ताव परेको भन्ने कार्यालयको जवाफ रहेको छ । कार्यालयले कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड विपरित संस्थालाई छनौट गरी अनुदान रु.७,५०,०००। उपलव्ध गराएको देखियो । यसरी कार्यक्रम सञ्चालन सम्वन्धी मापदण्ड विपरित संस्था छनौट गरी अनुदान उपलव्ध गराउने कार्य नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७,५०,००० |

६२ **उपभोक्ता समितितर्फ**

६२.१

**जटिलसंरचना निर्माण**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चरसहितका भवनलगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो। यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ। यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्।

| **उपभोक्ता समितिको नाम** | **कामको विवरण** | **भुक्तानी रकम** |
|---|---|---|
| सोनाम छोलिङ गुम्बा पाहुना घर निर्माण उस | सोनाम छोलिङ गुम्बा पाहुना घर निर्माण कार्य | २८२७१२।०० |
| शितलपुर खानेपानी ट्याङ्की निर्माण उस | शितलपुर खानेपानी ट्याङ्की निर्माण कार्य | ३७७२२०।०० |
| बालकल्याण मन्दिर निर्माण उस | बालकल्याण मन्दिर निर्माण कार्य | २३५९०१।०० |
| सेताढुङ्गा देवाली मन्दिर पूर्वाधार उस | सेताढुङ्गा देवाली मन्दिर पूर्वाधार कार्य | १४१०८२।०० |
| ठाडे प्रहरी विट निर्माण उस | ठाडे प्रहरी विट निर्माण कार्य | २०००००।०० |
| विश्वकर्मा मन्दिर निर्माण उस | विश्वकर्मा मन्दिर निर्माण कार्य | १८८३८७।०० |
| ठाडे प्रहरी विट निर्माण उस | ठाडे प्रहरी विट निर्माण कार्य | ४६१३९९।०० |
| कृषि भवन निर्माण उस | कृषि भवन निर्माण कार्य | २३६६२८।०० |
| सामुदायिक भवन निर्माण उस | सामुदायिक भवन निर्माण कार्य | २७८३२९।०० |
| ड्याम्के मन्दिर निर्माण उस | ड्याम्के मन्दिर निर्माण कार्य | १४२०४७।०० |

६२.२ **हेभी मेशीनको प्रयोगः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको नियम १०७ (१०) उपनियम (९) को प्रतिबन्धात्मक वाक्यांश अर्थात हेभी मेशिन प्रयोग थर्नुपर्ने भए सम्बन्धित प्राविधिकको सिफारिसमा सार्वजनिक निकायबाट सहमति लिनुपर्नेमा नलिइ हेभी मेशीन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरिनेछ। यस पालिका अन्तर्गत सञ्चालित देहाएका अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको साथै नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिसबाट गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति नलिएको देखिन्छ। गत विगतका वर्षहरुमा दिइएका सुझाबहरुसमेत कार्यान्वयन गरी सुधार भएको अवस्था देखिएन।

| भौ.न.मिति | उपभोक्ताको नाम | कार्यक्रम/क्रियाकपलाप | खर्च रकम |
|---|---|---|---|
| ३४, २०८०।९।१९ | सल्लेरी आरुबोट सडक्क निर्माण उस | सडक निर्माण योजना | ४८६,६६० ।०० |
| ४२, २०८०।९।२४ | भूसुनै सडक निर्माण उस | भूसुनै सडक निर्माण | ३००,३०५ ।०० |
| ५१, २०८०।१०।२२ | सिनपा ४ र ५ को सडक निर्माण उस | सिद्धिचरण नपा सडक | १०७,१३७ ।०० |
| ६३२०८०।१।१८ | देउराली कुडार सडक निर्माण उस | देउराली कुडार सडक निर्माण | २९३,९१७ ।०० |
| ६४, २०८०।११।९ | चिसंखुगढी सडक जोड्ने सडङ्ग निर्माण उस | चिसंखुगढी सडक जोड्ने सडङ्ग निर्माण | ३३२,०८३ ।०० |
| ७४, २०८०।११।१० | अल्ले बिप्टाले सडङ्क स्तरोन्नती उस | अल्ले बिप्टाले सडङ्क स्तरोन्नती | १६०,९२६ ।०० |
| ७६,२०८०।११।१४ | सिराउनी घुर्मिसे सडक निर्माण उस | सिराउनी घुर्मिसे सडक निर्माण | ३००,५२१ ।०० |
| ११२, २०८०।१२।१५ | श्रीकुलदेखि बस्नेतटोलसम्म सडक निर्माण उस | श्रीकुलदेखि बस्नेतटोलसम्म सडक निर्माण | २५७,२०९ ।०० |
| १३३, २०८१।१।१४ | सल्लेरी सुनार आरुबोटे सडक उस | सल्लेरी सुनार आरुबोटे सडक | २१७,२४० ।०० |
| १४५, २०८१।१।२० | बर्णालूबाट चिप्लेबेसी सडक उस | बर्णालूबाट चिप्लेबेसी सडक | २२२,३८२ ।०० |
| १५२, २०८१।१।२१ | लगलगेमा ढल निर्माण उस | लगलगेमा ढल निर्माण | ३९,४४८ ।०० |
| १५७, २०८१।१।२३ | भालुथुम्का स्वास्थ्यचौकीसम्म सडक निर्माण उस | भालुथुम्का स्वास्थ्यचौकीसम्म सडक निर्माण | ४७९,४७६ ।०० |
| १६८, २०८१।१।२६ | माथिल्लो चिप्लुसम्म सडक निर्माण उस | माथिल्लो चिप्लुसम्म सडक निर्माण | १८३,६२५ ।०० |
| १७९, २०८१।१।२८ | बिमिरे अम्जानी सडक निर्माण उस | बिमिरे अम्जानी सडक निर्माण | ५९४,६३० ।०० |
| १९०,२०८१।२।२ | भुसुने सडक निर्माण उस | भुसुने सडक निर्माण | १६३,२०६ ।०० |
| १९१,२०८१।२।२ | बच्छ्युकाडे सडक निर्माण उस | बच्छ्युकाडे सडक निर्माण | १७८,७२२ ।०० |
| २०२, २०८१।२।९ | निगाले खोला सडक निर्माण उस | निगाले खोला सडक निर्माण | २५,२२० ।०० |
| २०८,२०८१।२।९ | भमसेनस्थान गुठी भवन निर्माण उस | भमसेनस्थान गुठी भवन निर्माण | २५,००० ।०० |
| २७३, २०८१।३।२ | आरुबोट मोटरबाटो निर्माण उस | आरुबोट मोटरबाटो निर्माण | २५९,५२२ ।०० |
| ३४१, २०८१।३।१९ | साविक अधेरी ७ ८ र ९ को टोल सडक उस | साविक अधेरी ७ ८ र ९ को टोल सडक | ३०२,००८ ।०० |
| ३७२, २०८१।३।२३ | दारिमबोटे सिमबारी ठूलाखेत सडक उस | दारिमबोटे सिमबारी ठूलाखेत सडक | १३०,९८६ ।०० |
| ३७६, २०८१।३।२४ | मैदाने दोभान बाख्रे सडक उस | मैदाने दोभान बाख्रे सडक | ४४१,८६९ ।०० |
| जम्मा | | | **५,५०२,०९२ ।००** |

## ६३ पुँजीगत बजेटमा चालु प्रकृतिका खर्च

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ मा पुँजीगत शीर्षकमा विनियोजित बजेटबाट चालु खर्च गर्न नपाइने उल्लेख छ। पुँजीगत शीर्षकमा विनियोजन भएको बजेटबाट चालु प्रकृतिका खर्च गर्ने कार्य बजेटको सिद्धान्त विपरित हुन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ को खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धी व्यवस्थाको उपदफा (७) मा कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ। दफा ११ मा गाँउपालिकाको काम, कर्तव्य र अधिकार तोकेको छ। उक्त कानुनमा वितरणमुखी कार्यक्रम भन्दा विकासात्मक गतिविधितर्फ गाँउपालिकाको स्रोत परिचालन हुनुपर्ने उल्लेख छ। यस पालिकाले यो वर्ष गाँउपालिका पुँजीगत शीर्षकमा विनियोजन भएको बजेटबाट देहाय बमोजिम रु.२०,७३,८९७।०० उपभोग, सञ्चालन तथा अन्य चालु प्रकृतिका खर्च गरेको देखियो। सभाले बजेट स्वीकृत गर्दा चालु प्रकृतिका खर्च चालु बजेट शीर्षकमा समावेश

गरी खर्च लेख्नुपर्दछ। यसबाट सभाले पारित गरेको बजेट र स्वीकृत कार्यक्रमको पालना हुन सकेको पाइएन। पुँजी सृजना नहुने खालका वितरणमुखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट गरी पुँजीगत शीर्षकमा समावेश गरेर सीमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न वितरणकारी खर्च लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट भुक्तानी दिएको पाईयो। यसमा नियन्त्रण गरी पुँजीगत बजेटबाट पुँजीगत प्रकृतिका काममात्र गरिनुपर्दछ। यस सम्बन्धी उदाहरण निम्नानुसार छन्।

| **भौ.न.मिति** | **कार्यक्रम/क्रियाकपलाप** | **खर्च रकम** |
|---|---|---|
| २७,२०८०।९।१३ | इन्धन खर्च | २०,७१९।०० |
| ९९, २०८०।१२।६ | आमा समूहको कार्यक्रम | १५०,०००।०० |
| ११६, २०८०।१२।१५ | वडा कार्यालयको फर्निचर खरिद | २४८,८०७।०० |
| १२०, २०८०।१२।१६ | प्राविधिक सामग्री खरिद | १४८,२७२।०० |
| १५१, २०८१।१।२१ | प्रिन्टर खरिद | ३२,०००।०० |
| १५५,२०८१।१।२३ | फर्निचर खरिद | ६४,१३०।०० |
| २३९, २०८१।२।२४ | कृषि सामग्रीहरु | १००,०००।०० |
| २४२, २०८१।२।२४ | इन्भर्टर | ४८,०००।०० |
| २५३,२०८१।२।३० | कृषि सामग्रीहरु | ८०,०००।०० |
| २६७, २०८१।२।३१ | कृषि सामग्री वितरण कार्यक्रम | २००,०००।०० |
| २७२, २०८१।३।२ | कृषि पुँजी अनुदान वितरण | २००,०००।०० |
| २७५, २०८१।३।२ | महामारी रोग नियन्त्रण कार्यक्रम | ३५२,४७६।०० |
| ३२२, २०८१।३।१४ | कृषि सामग्री वितरण कार्यक्रम | १५०,०००।०० |
| ३५२, २०८१।३।२० | वडा ९ कार्यालयको साउन्ड सिस्टम | २९,४९३।०० |
| ३५५, २०८१।३।२० | बोका खरिद गरी वितरण वडा न १० | १५०,०००।०० |
| ३६५, २०८१।३।२३ | तेल पेल्ने मेसिन विरतण | १००,०००।०० |
| जम्मा | | **२,०७३,८९७।००** |

६४ **कार्यसम्पादन जमानतः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(४) कार्य सम्पादन जमानत बोलपत्र मान्य हुने अवधि सम्झौतामा उल्लिखित निर्माण कार्यको हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा प्रत्याभूति (वारेन्टी) को अवधि वा निर्माण कार्यको त्रुटि सच्चाउने दायित्व (डिफेक्ट लायबिलिटिज) को अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको सम्पादन जमानत पेस हुनुपर्ने उल्लेख छ। यस पालिकाले निर्माण कार्यको नमूना परीक्षण गर्दा सम्झौता बमोजिमको अवधिको कार्य सम्पादन जमानत पेस गर्नुपर्नेमा निम्नानुसारको सार्वजनिक निर्माण कार्य गर्ने निर्माण व्यवसायीले आवश्यक अवधिको कार्य सम्पादन जमानत पेस गर्नुपर्ने रु......

| निर्माण कार्य | निर्माण व्यवसायीको नाम | लागत अनुमान | सम्झौता | पिजि रकम | हुनुपर्ने अवधि | भएको अवधि | नपग अवधि |
|---|---|---|---|---|---|---|---|
| पारादोभान मिलनचोक ओखरबोट सडक निर्माण | सर्वश्री कन्स्ट्रक्सन प्रालीद६०३५३३४८६ | १७००४३३।१९ | ९४२२०४।६० -५०.९६% | २९९०००.०० | २०८२/४/२० कार्यसम्पन्नः २०८१।३।१८ | २०८१/३/३० | २० दिन |
| जम्मा | | | | **२९९०००.००** | | | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,९९,००० |

६५ **मूल्य अभिवृद्धि कर समायोजन**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग) मा ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु तथा सेवा वापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्ने छ। तर यस कार्यालयले सेवा करारबाहेक कुनैपनि ठेक्का र सामान आपूर्तिमा नियमानुसार तीस प्रतिशतले हुन आउने रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताको नामबाट राजस्व शीर्षकमा जम्मा गर्ने व्यवस्था गरेको देखिदैन। अतः कानुनमा व्यवस्था भए बमोजिम तीस प्रतिशतले हुन आउने रकम कट्टा नगरेकाले भुक्तानी भएको मूल्य अभिवृद्धि कर रकमको मूल्य अभिवृद्धि कर समायोजन पेस गर्नुपर्ने रू....

| भौन र मिति | कार्यक्रम/क्रियाकपलाप | आपूर्तक | खर्च रकम | मूअकर | ३०% मूककर |
|---|---|---|---|---|---|
| २३, २०८०।८।२५ | मोटरसाइकल खरिद | हंसराज हुलासचन्द कम्पनी | ७९३,८००।०० | ९१,३२२।१२ | २७,३९६।६४ |
| २०७, २०८१।२।९ | पाइप खरिद | सिद्धी विनायक हार्डवेयर एण्ड सप्लायर्स | ४३९,०५२।०० | ५०,५१०।४१ | १५,१५३।१२ |
| २८२, २०८१।३।३ | मोटरसाइकल खरिद | हंसराज हुलासचन्द कम्पनी | ५९९,८००।०० | ६९,००३।५४ | २०,७०१।०६ |
| २८५, २०८१।३।४ | नगर प्रहरीविट निर्माण कार्य | अमिसा ग्रिल उद्योग | १४९,५४०।०० | १७,२०३।७२ | ५,१६१।१२ |
| ३४२,२०८१।३।१९ | लगलगे गेट मर्मत | सन्तु ट्रेडर्स एण्ड सर्विसेज | १४८,४३६।०० | १७,०७६।७१ | ५,१२३।०१ |
| ३६१, २०८१।३।२१ | पाइप र जस्ता खरिद | करुणा अर्डर एण्ड सप्लायर्स | ७४६,००३।०० | ८५,८२३।३५ | २५,७४७।०१ |
| ३६३, २०८१।३।२३ | प्लास्टिक खरिद गरि वितरण वडा८ | रोसन सप्लायर्स | ५१८,३००।०० | ५९,६२७।४३ | १७,८८८।२३ |
| जम्मा | | | **३,३९४,९३१।००** | **३९०,५६७।२८** | **११७,१७०।१८** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,९०,५६७.२८ |

६६ **टुक्रा पारी खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को नियम ८(२) मा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा, टुक्रा पारी खरिद गर्नुहुदैन भनी उल्लेख छ। त्यस्तै सोही नियमावली, २०६४ को नियम ८४(१) अनुसार सार्वजनिक निकायले बिस लाखसम्म लागत अनुमान भएको सार्वजनिक निर्माण वा मालसामान शिलबन्दी दरभाउपत्रको माध्यमबाट र बिस लाखभन्दा माथिको सार्वजनिक निर्माण, सेवा वा मालसामान बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले मालसामान खरिद कार्यको प्रकृतिअनुसार एउटै प्याकेज बनाई लागत अनुमानको सीमा अनुसार बोलपत्रमार्फत कार्य गराउनुपर्नेमा निम्नानुसारको

मालसामान खरिद तथा सार्वजनिक निर्माण कार्य प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा पारी पटकपटक रू.२६,६९,११९।०० सोझै खरिद गरेको नियमसम्मत नदेखिएन। अतः सार्वजनिक खरिद कार्यलाई बढी प्रतिस्पर्धी, मितव्ययी र गुणस्तरीय हुनेगरी खर्च गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| भौ.न.र मिति | शीर्षक | कार्यक्रम/क्रियाकपलाप | खर्च |
|---|---|---|---|
| २३,२०८०।८।२५ | मोटरसाइकल खरिद २ वटा | हंसराज हुलासचन्द कम्पनी | ७९३,८०० ।०० |
| २८२, २०८१।३।३ | मोटरसाइकल खरिद २ वटा | हंसराज हुलासचन्द कम्पनी | ५९९,८०० ।०० |
| | | **A** | **१३,९३,६०० ।००** |
| २०,२०८०।८।२२ | खानेपानी पाइप तथा जस्ता | गोविन्द हार्डवेयर | २४१,७५१ ।०० |
| ३४६,२०८१।३।१९ | खानेपानी मिटर जडान कार्य | खानेपानी समिति | ५८५,२१६ ।०० |
| ३७१, २०८१।३।२३ | खानेपानी पाइप खरिद १ न वडा | सिद्धिविनायक हार्डवेयर | १४७,०८२ ।०० |
| ३७५,२०८१।३।२४ | खानेपानी पाइप खरिद ९ न वडा | प्रसान्त एण्ड प्रसान्त | १९६,५६३ ।०० |
| ३९८, २०८१।३।२४ | खानेपानी पाइप खरिद ८ न वडासमेत | सिद्धिविनायक हार्डवेयर | १०४,९०७ ।०० |
| | | **B** | **१२७५५१९ ।००** |
| **जम्मा रकम** | | **A+B=** | **२६,६९,११९ ।००** |

## ६७ जिल्ला दररेटभन्दा बढी भुक्तानी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्ने व्यवस्था छ। यस नगरपालिकाले देहाएका उपभोक्ता समितिलाई निम्नानुसारका काममा जिल्ला दररेटभन्दा बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु……

| भौ.न.र मिति | उपभोक्ता समितिको नाम | काम | जिल्लादररेट | लगाएको दर | फरक दर | परिमाण | रकम |
|---|---|---|---|---|---|---|---|
| १९,२०८०।८।२० | कात्तिके सिढी निर्माण कार्य | कडा माटो खन्ने कार्य | ५४३ ।२० | ५५३ ।२० | ९ ।३७ | १०१।२३ | ९४७।५२ |
| २५,२०८०।९।१२ | महिलाभवनदेखि जेठिमाया घरसम्म गोरेटो बाटो | सुख्खा माटोको सोलिङ गर्ने कार्य | ४४५८ ।५२ | ४८५८ ।५२ | ४०० ।०० | १६।७० | ६६८०।०० |
| ३१,२०८०।९।१८ | चिप्लेचौर किरियापुत्री भवन निर्माण कार्य | ढलानको काम फर्मासहित 1:2:4 | १६२८०।०४ | १८९१९ ।८४ | २६३९।८० | ०।५९ | १५५७।४८ |
| ७७,२०८०।११।१० | कृषि उपज संकलन तथा बिक्री केन्द्र भवन व्यवस्थापन | हिलटेक ट्याङ्की खरिद | १६ ।६१ | ९ ।६० मा किनेको | ७ ।०१ | २००० | १४०२० |
| ८७, २०८०।१२।१ | थलडाडा खाजाघर निर्माण | स्थानीय काठबाट छानाको ट्रसको कार्य | ६९०९८ | ९०९२५ | २१७२७ | ०।१९ | ४१२८।१३ |
| १४२, २०८१।१।१७ | उज्वल भविष्य खेल मैदान निर्माण | नरम माटो खन्ने कार्य | ४५३ ।२० | ५७४ ।२४ | १२१ ।०४ | ८।१६ | ९८७।६९ |
| १७७, २०८१।१।२७ | ओमशान्ति भवन मर्मत सुधार कार्य | स्थानीय काठबाट छानाको ट्रसको कार्य | ६९०९८ | ९०९२५ | २१७२७ | ०।३९ | ८४७३।५३ |
| ३१९, २०८१।३।१३ | पैतिसे गोरेटो बाटो निर्माण कार्य | नरम माटो खन्ने कार्य | ४५३ ।२० | ६३४ ।४८ | १८१ ।२८ | २८।४९ | ३८९५।७१ |
| ३४०, २०८१।३।१९ | सुकेमाने इलाका सडक मर्मत कार्य | कडा माटो खन्ने कार्य | ५४३ ।२० | ७२५ ।१२ | १८१ ।२८ | १७।६३ | ३१९५।९६ |
| जम्मा | | | | | | | **४३,८८६।०२** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४३,८८६.०२ |

## ६८ बढी भुक्तानी

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा कोशी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ४१(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्ने व्यवस्था छ। यस नगरपालिकाले देहाएका उपभोक्ता समितिलाई बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु...

| भौ.न.र मिति | उपभोक्ता समितिको नाम | पालिकाले ब्यहोर्ने | भुक्तानी भएको | बढी भुक्तानी |
|---|---|---|---|---|
| १०६-२०८०।१२।१३ | सामुदायिक भवन तल्लो गैरीगाउँको भवन निर्माण | ३८४००० ।०० | ३९४००० ।०० | १०००० ।०० |
| १२३-२०८०।१२।१६ | जगन-जघु प्रतष्ठान पार्क निर्माण कार्य | ३८०१४४ ।०० | ३८४००० ।०० | ३८५६ ।०० |
| जम्मा | | | | १३८५६ ।०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,८५६ |

## ६९ कृषक बिउपुँजी परिचालन

सिद्धिचरण नगरपालिका बिउपुँजी परिचालन कार्यविधि, २०८० को दफा ८(४) बमोजिम कृषि व्यवसायको बिउपुँजी तीन किस्तामा दिनुपर्ने उल्लेख छ। दफा ९(४) बमोजिम बिउपुँजीको पहिलो किस्ता परिचालन गर्दा तोकिएको प्रतिफल पूरा नभएमा दोस्रो किस्ता भुक्तानी दिइने छैन र दफा ९(१) मा बिउपुँजी २ वर्षपछि फिर्ता गर्नुपर्ने भन्ने व्यवस्था छ। दफा १२ बमोजिम बिउपुँजी परिचालन गर्दा कृषि व्यवसायको बिमा गरेको हुनुपर्ने उल्लेख छ। साथै दफा १३ बमोजिम बिउपुँजी परिचालन गर्दा संघीय तथा प्रदेशसरकारबाट परिचालन हुने कार्यक्रमसँग नदोहोरिएको हुनुपर्नेसमेत उल्लेख छ। दफा ८(४)बमोजिम कृषि व्यवसायको बिउपुँजीबाट खरिद गरेको बील भरपाई पेस गर्नुपर्ने उल्लेख छ। दफा ४(२ख) बमोजिम उक्त कार्यक्रमको निर्देशक समितिले अनुगमन र निरीक्षण गर्नुपर्ने उल्लेख छ। यस पालिकाले वडा नं १ का देहाएअनुसारका १० जना कृषकलाई बिउपुँजीको पहिलो किस्ताको प्रगति बमोजिम बाँकी किस्ता दिनुपर्नेमा एकमुष्ठ असार महिनामा भैसी खरिद गर्न भनी प्रतिकृषक रु. १,००,०००।०० का दरले जम्मा रु.१०,००,०००।०० भुक्तानी गरेको छ। अहिलेसम्म कार्यालयबाट अनुगमन र निरीक्षण गरेको पनि देखिदैन। साथै बिउपुँजी वडा नं १ का कृषकलाई मात्र दिएको औचित्यपूर्ण देखिएन। अतः उक्त कार्यविधि बमोजिम बिउपुँजी परिचालनबाट कृषकको व्यवसायमा वृद्धि भएको र कृषिको व्यवसायिकरण गर्न टेवा पुग्ने साथै समग्र बिउपुँजी कार्यक्रम परिचालनको प्रभावकारिता कायम गर्ने र अवधि पुगेपछि समयमै फिर्ता गर्नेतर्फ कार्यालयको ध्यान दिनुपर्दछ।

| सि.न. | कृषकको नाम | अनुदान रकम |
|---|---|---|
| १ | उद्धव नारायण श्रेष्ठ | १,००,०००।०० |
| २ | चक्र बहादुर श्रेष्ठ | १,००,०००।०० |
| ३ | दिपक राज भट्टराई | १,००,०००।०० |
| ४ | बेद बहादुर श्रेष्ठ | १,००,०००।०० |
| ५ | दुर्गा प्रसाद भट्टराई | १,००,०००।०० |
| ६ | पुष्पराज श्रेष्ठ | १,००,०००।०० |
| ७ | लक्ष्मी श्रेष्ठ | १,००,०००।०० |
| ८ | नेत्र बहादुर श्रेष्ठ | १,००,०००।०० |
| ९ | देव कुमारी श्रेष्ठ | १,००,०००।०० |
| १० | माइकल श्रेष्ठ | १,००,०००।०० |
| **जम्मा रकम** | | **१०,००,०००।००** |

७० **घटीमा कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क) कुनै निर्माण कार्य हकमा स्वीकृत ड्रइङ्ग, डिजाइन वा स्पेसिफिकेशन बमोजिम ९० प्रतिशत भौतिक प्रगति भएमात्र कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस पालिकाले ९० प्रतिशतभन्दा बढी कार्य प्रगतिको मात्र कार्य स्वीकार प्रतिवेदन स्वीकृत गर्नुपर्नेमा निम्नानुसारका घटी अर्थात ५८.०४ प्रतिशतसम्म न्यून प्रगति भएको निर्माण कार्यको कार्य स्वीकार प्रतिवेदन स्वीकृत गरेको देखिन्छ। कार्यालयले ९० प्रतिशतभन्दा बढी कार्य प्रगतिको भएको कार्यको मात्र कार्य स्वीकार प्रतिवेदन स्वीकृत गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ। केहि उदाहरण यस प्रकार छन्।

| भौ.न.र मिति | काम | कार्य सम्पन्न प्रतिवेदन | घटी प्रतिशत |
|---|---|---|---|
| १०८-२०८०।१२।१३ | पाचकन्या कलिदेवी स्थानमा पूर्वाधार निर्माण | २३१५०८।३३ | ६९.३१% |
| १६८-२०८१।१।२६ | माथिल्लो चुप्लु सडक निर्माण | १६८७३५।०५ | ७२.१९% |
| १८३-२०८१।१।२८ | साउने पानेपानी निर्माण | २०६०८५।०० | ८७.६९% |
| २०६-२०८१।२।९ | शिव मन्दिर निर्माण | १७२३८७।९१ | ८९.६४% |
| ३७६-२०८१।३।२४ | मैदाने दोभान बाख्रे सडक | ४६३९६८।१४ | ५८.०४% |

७१ **पाइप खरिद**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस पालिकाले निम्नानुसारका पाइप खरिद गरेको तर उक्त सामान वितरण गरेको भए वितरण गरेको भरपाइ र नगरेको भए मौज्दात रहेको गरेको प्रमाण पेस गर्नुपर्ने रु......

| भौ.न.र मिति | सामानको नाम | खरिद परिमाण | खर्च परिमाण | बाँकी परिमाण | बाँकी रकम |
|---|---|---|---|---|---|
| ३७१-२०८१।३।२३ | खानेपानी पाइप खरिद वडा न ०१ | २५९९ | २००० | ५९९ | ४०२९७ |
| ३७१-२०८१।३।२४ | पाइप खरिद वडा न ०१ | ३२५० | ० | ३२५० | १९६५६३ |
| ३९८-२०८१।३।२५ | पाइप खरिद वडा न ०८ | १०९७ | ० | १०९७ | १०४९०७ |
| जम्मा | | | | | **३,४१,७६७।००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,४१,७६७ |

७२ **ढुवानी खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रहि औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गर्नुपर्दछ। यस नगरपालिकाले रसायनिक मल वितरण गर्ने भनी भौ नं ८२-२०८०।११।२६ र ११३-२०८०।१२।१५ मा पुन्यमाता पशु कृषि फर्मलाई रु.३५४०००।०० र रु. ९२०००।०० गरी जम्मा रु.४४६०००।०० भुक्तानी गरेको छ। अतः खर्च भएको ढुवानीको बिल भरपाइ र मल वितरण गरेको भरपाईका आधारमा मात्र ढुवानी अनुदान भुक्तानी गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

७३ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्बन्धी व्यवस्था छ। पालिकाले गरेको निम्नानुसार ठेक्का व्यवस्थापन गरी खरिद तथा निर्माण कार्यमालागत अनुमानभन्दा २५ देखि ५३ प्रतिशतसम्म घटिमा सम्झौता भएको छ। सम्झौता अनुसार तोकिएको समयभित्र गुणस्तरीय रुपमा कार्यसम्पन्न गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | निर्माणव्यवसायीको नाम र ठेगाना | लागत अनुमान | सम्झौता रकम | घटिप्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | १।०७९।८० | कालिका आ. वि. भोजेमा निर्मित विद्यालय | सम्योग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राली | ४१८१६७४।५४ | ३१५३८५५।२७ | २५ |
| २ | २।०७९।८० | गाउँपालिकाको ग्राउण्ड मर्मत | सम्योग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्राली | २१०३३१०।९४ | १३९६५३९।८८ | ३४ |

७४ **पूर्व निर्धारित क्षतिपूर्ति**

( ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३१** को निर्णयले रू **६३४,५४२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

७५ **शिक्षा कार्यक्रम**

७५.१ **विद्यालयमा ई-हाजिरी:** सिद्धिचरण नगरपालिकाले पत्र संख्या २०८०।०८१ च.न ३४३ मिति २०८०।६।८ बाट पालिका भित्रका सवै विद्यालयलाई विद्यालयले पेश गर्ने तलव भत्ताको माग फारम साथ सवै शिक्षक कर्मचारीको ई- हाजिरी अभिलेखको हार्डकपि प्रमाणित गरेर अनिवार्य पेश गर्नुपर्ने परिपत्र गरेको छ।विद्यालयले तलव भत्ता माग गर्दा ई-हाजिरी पेश नगरी तलव भत्ता भुक्तानी दिने गरेको पाईयो। परिपत्र अनुसार सवै विद्यालयले अनिवार्य रुपमा प्रमाणित ई-हाजिरी अभिलेख पेश गरेपश्चात तलव निकासा दिने व्यवस्था गर्नुपर्दछ।

७५.२ **तलव भुक्तानी:** शिक्षकको सरुवा, बढुवा, अवकास, राजिनामा, अन्तर पालिका सरुवा, पालिका भित्र सरुवा, लगायतका विवरण अद्यावधिक गरी राख्नु पर्दछ । पुन्यमाता मा.वि. वेतिनिमा कार्यरत शिक्षक विनोद कार्कीले २०८० मंसिर २४ मा स्वेच्छिक राजिनामा दिनुभएको देखिन्छ। निजलाई दोश्रो चौमासिकमा १ महिना २४ दिनको तलव भत्ता रकम रु.९१३२७ भुक्तानी दिनुपर्नेमा दोश्रो चौमासिकको निकासा दिदा रु.१५२२११ निकासा दिएको पाईयो। बढी निकासा दिएको रकम रु.६०८८४ फिर्ता गर्नुपर्ने मा चौथो किस्ता मा रु.३१९८६ घटाएर निकास गरको हुदा बढी भएको रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,८९८ |

७५.३ **बढी ग्रेड:**शिक्षक कर्मचारीको तलव भुक्तानी दिदा शिक्षक किताव खानाले पारित गरेको तलवि प्रतिवेदनको आधारमा ग्रेड एकिन गरेर तलव भत्ता भुक्तानी दिनुपर्दछ। सगरमाथा मा. वि.का शिक्षक खडानन्द खतिवडालाई ६ ग्रेडका दरले भुक्तानी दिनुपर्नेमा प्रथम र दोश्रो त्रैमासिकमा तलव भत्ता निकासा दिदा प्रतिमहिना ७ ग्रेड कायम गरी तलव निकासा दिएको पाईयो। दुई त्रैमासिक तथा दशै भत्ता समेत ७ ग्रेड बढी भुक्तानी दिएको प्रतिग्रेड रु.१६२५ का दरले ६ महिना तथा दशै भत्ता समेत ७ ग्रेड तथा संचयकोष थप १० प्रतिशत समेत बढी रकम रु.१२३५० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३५० |

७५.४ **ल्याव व्यवस्था अनुदान:** कार्यक्रम कार्यान्वियन पुस्तिकाको कार्यक्रम कार्यान्वियन मार्गदर्शन १.३ को (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि गर्ने र सोको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था छ। कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप ५.१२ मा प्राविधिक धारका विद्यालयकोलागि प्रयोगशालाको स्तरोन्नति गर्न ल्याव व्यवस्थापन अनुदान उपलव्ध गराउने, विद्यालयले नियमित रुपमा ल्याव संचालन गर्न, मर्मत संभार एवम् सामग्रीको व्यवस्थापन गरी शिक्षक तथा विद्यार्थीको प्रयोगको व्यवस्था गर्नुपर्ने उल्लेख छ। पालिकाले यस वर्ष ल्याव व्यवस्थापन अनुदान तर्फ रुम्जाटार मा.विलाई रु.२००००० भुक्तानी दिएकोमा विद्यालयले टुक्रा विलमा ल्याव सामग्री खरिद गरेको विल पेश गरेको छ। विद्यालयले खरिद गर्दा खरिद विधिको पालना गरी लागत अनुमान स्वीकृत गर्ने र स्वीकृत लागत अनुमान अनुसार दर रेट माग गर्ने तथा प्राप्त दरलाई मुल्याङ्कन गरेर प्रतिस्पर्धाको आधारमा खरिद गर्नुपर्दछ। साथै पालिकाले खरिद गरेको सामग्रीबाट विद्यालयमा ल्याव स्थापना गरी संचालन गरेको अनसगमन गरी प्रगति प्रतिवेदन तयार गरी पेश गर्नुपर्दछ।

| |
|---|
| प्रमाण पेश नगरेको |

७५.५ **दिवा खाजा:** शिक्षा कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.११.१ मा स्थानिय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा पालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने, स्थानीय तहले दिवाखाजा उपलव्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा

सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या एकिन भए पश्चात मात्र पालिकाले चौमासिक रुपमा अनुदान उपलव्ध गराउनुपर्ने व्यवस्था छ । यस आर्थिक वर्षमा पालिका मातहतका ५० विद्यालयमा १८९६ विद्यार्थीलाई दिवा खाजा वापत रु.४७५९७४५ निकासा दिएको छ। निम्नानुसार विद्यालय खुलेको अवधि र विद्यार्थीलाई खाजा खुवाएको दिन सुनिश्चित हुने प्रमाण तथा बिल भरपाई पेश गरेको छैन । विद्यार्थीलाई रकम वुझाएको हस्ते भरपाईको आधारमा भुक्तानी दिएको देखियो। जस बाट उपस्थित भएको दिनको हिसाबले खर्च भएको छ र विद्यार्थीलाई खाजा खुवाइएको छ भन्न सक्ने अधार भएन । कार्यक्रम कार्यान्वियन पुस्तिकामा भएको व्यवस्था तथा दिवा खाजा संचालन कार्यविधि अनुसार खाजा खुवाएको प्रमाणित विल भरपाई प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई पालिकामा पेश गर्नुपर्ने र सोको आधारमा रकम निकासा दिने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ। उल्लेखित विद्यालयले गत विगतमा समेत खाजा कार्यक्रम संचालन नगरी सोझै विद्यार्थीलाई वितरण गरेको हस्ते भरपाई पेस गरेकोमा यस वर्ष समेत ४३ विद्यालयले खाजा कार्यक्रम नगरी विद्यार्थीको भरपाई पेश गरी भुक्तानी दिएको रु.३८८०९८५ नियमसम्मत देखिएन। कार्यविधिको व्यवस्था कार्यान्वियन गरेर बिद्यालय दिवा खाजा कार्यक्रम संचालन गर्नुपर्दछ।

| क्र.स. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | अन्तराष्ट्रिय युवावर्ष आ.वि वितलव | ४८९०० |
| २ | अरूणोदय आ.वि.गहते | ३८८५ |
| ३ | आदर्श आ.वि.राम्चे | २०७१५ |
| ४ | आनन्देश्वर आ.वि.ठुलाछाप | १३६७८५ |
| ५ | कडेनी मा.वि. खनियाखर्क | १३५३६० |
| ६ | कर्कलादेवी आ.वि.तलुवा | ९३९९५ |
| ७ | कालिका आ.वि.चुहान्छाप | १०११७५ |
| ८ | कालिका आ.वि.सल्लेरी | ६८४३० |
| ९ | कालिका देवी आ.वि.वर्नालु | ४२३४० |
| १० | कालिका मा.वि.रूप्से | १४५३६५ |
| ११ | कुन्ता मा.वि.ज्यामिरे | ११८३०५ |
| १२ | चञ्चलादेवी आ.वि.ज्यामिरे | १५४५०० |
| १३ | चम्पादेवी मा.वि.सल्लेरी | १०१६५५ |
| १४ | जनआदर्श आ.वि.सर्सेपु | ६३५४० |
| १५ | जनचेतन मा.वि.भोर्ले | १११९१५ |
| १६ | जन्तरखानी मा.वि. जन्तरखानी | २३५६४० |
| १७ | जानुका आ.वि. ठुलाछाप | २७०० |
| १८ | थानी आ.वि.ठुलढुंगा | ५८९७० |
| १९ | थार्तिङ गुम्वाआ.वि.नलिडाडाँ | १८०६० |
| २० | दुधकोशी आ.वि.तलुवा | ३६९९० |
| २१ | नवज्योती मा.वि.मैदाने | ६६७६५ |
| २२ | नारायणस्थान मा.वि. असिने | १०९६९० |
| २३ | नेपाल भ्रमण वर्ष नमुना आ.वि. वितलव | १५४८० |
| २४ | पञ्चावती आ.वि. आम्जानी | ८९२२० |
| २५ | पुन्यमाता मा.वि. वेतिनी | १९०१३० |
| २६ | भगवतिआ.वि. काफलवोट | ३५९७० |
| २७ | रक्तमाला आ.वि. चनौटे | ४०१२० |
| २८ | रक्तमाला आ.वि.आगे जोरधारा | २९०६२० |
| २९ | राज्यलक्ष्मी मा.वि.सानिटार | १०३२४५ |
| ३० | रेणुका आ.वि.केउरेनी | ३८२३५ |
| | | |

| | | |
|---|---|---|
| ३१ | लामीस्वती आ.वि. लामिस्वती | ५१३०० |
| ३२ | वन्दना सिंहदेवि आ.वि. वाख्रे | ९३७५ |
| ३३ | वरभञ्ज्याङ्ग आ.वि.गैरिगाउ | ८८३५ |
| ३४ | वालमन्दिर आ.वि. ओखलढुङ्गा | ८४०६० |
| ३५ | वालविकास आ.वि. अँधेरी | ८२२७५ |
| ३६ | विगुटार मा.वि.विगुटार | ९५५०५ |
| ३७ | शारदा आ.वि.चार्खु | १००००५ |
| ३८ | शेर्पा सामुदायीक आ.वि. माझखर्क,विगुटार | १८३३९० |
| ३९ | सगरमाथा जनता मा.वि. ओखलढुङ्गा | २६७७६० |
| ४० | सप्तकन्या आ.वि.तलुवा | ६६४२० |
| ४१ | सिद्धदेवी आ.वि.देउराली | ३०३३० |
| ४२ | सिद्धेश्वरी आ.वि.लगलगे | ५४२३५ |
| ४३ | हिमालय मा.वि. निशंखे | १६८७९५ |
| जम्मा | | ३८८०९८५ |

७५.६ **दिवा खाजा:** विद्यालय कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप २.७.११.१ मा स्थानिय तहहरुले विद्यार्थिको दिवा खाजा कार्यक्रमका लागि विद्यालयलाई अनुदान उपलव्ध गराउदा पालिकाले दिवा खाजा संचालन कार्यविधि २०७७ अनुसार खाजा व्यवस्था प्रवन्ध मिलाउनुपर्ने व्यवस्था छ।अन्तराष्ट्रिय युवावर्ष आ.वि वितलवले पहिलो, दोश्रो र चौथो किस्ताबापतको रकम विद्यार्थीलाई नगद वितरण गरेको भरपाई पेश गरेकोमा तेश्रो किस्ताबापतको रकम रु.२६०१० को खाजा कार्यक्रम संचालन गरेको छैन र विद्यार्थीलाई रकम वितरण गरेको भरपाई समेत पेश गरेको छैन। निकासा भएको रकमले खाजा नखुवएको र विद्यार्थीलाई हस्तान्तरण समेत गरेको नदेखिदा उक्त रकम विद्यालयबाट फिर्ता गरी संघिय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २६,०१० |

७५.७ **शिक्षक विद्यार्थी अनुपात:** शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या सामान्यतया उपत्यका तथा तराई, पहाड र हिमाली क्षेत्रमा क्रमशः ५०, ४५ र ४० हुनुपर्ने उल्लेख छ। पालिकाबाट प्राप्त विवरण अनुसार शिक्षक विद्यार्थी तथा विद्यालयगत विद्यार्थी संख्याको विवरण अनुसार पहाडि जिल्लामा प्रति कक्षा ४५ जना विद्यार्थी हुनुपर्नेमा ५२ मध्ये ३३ विद्यालयमा कुल विद्यार्थी ४५ भन्दा कम रहेको पाईयो सो मध्ये ७ विद्यालयमा १० जना भन्दा कम विद्यार्थी रहेको देखिन्छ। यस नगरपालिकाको शिक्षक विद्यार्थी दरवन्दी निम्नानुसार छ। पालिकाले विद्यालयगत विद्यार्थी संख्या मिलान तथा दरवन्दि मिलान गरी विद्यालय संचालन गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| क्र.स. | विद्यालयको नाम विवरण | दरवन्दी | पदपुर्ती | पदपु र्ति मध्ये करार | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| १ | आदर्श आ.वि.राम्चे | १ | १ | १ | ७ | ७ |
| २ | कर्कलादेवी आ.वि.तलुवा | ५ | ५ | ४ | ५२ | १० |
| ३ | जनचेतन मा.वि.भोर्ले | १० | १० | ४ | १२३ | १२ |
| ४ | तिनपिप्ले आ.वि.तिनपिप्ले | ६ | ६ | ३ | ३३ | ६ |
| ५ | दुधकोशी आ.वि.तलुवा | ३ | ३ | २ | ७ | २ |
| ६ | नेपाल भ्रमणवर्ष नमुना आ.वि. तलुवा | ० | ० | ० | ० | ० |
| ७ | सप्तकन्या आ.वि.तलुवा | ४ | ४ | १ | २६ | ७ |
| ८ | आनन्देश्वर आ.वि.ठुलाछाप | ४ | ४ | १ | ३८ | १० |
| ९ | कडेनी मा.वि. | १० | १० | ६ | १५१ | १५ |
| १० | कालिका आ.वि.चुहानछाप | ६ | ६ | १ | ६१ | १० |
| ११ | कालिका आ.वि.धारापानी | ० | ० | ० | ० | ० |
| १२ | जानुका आ.वि. ठुलाछाप | १ | १ | ० | ४ | १ |
| १३ | रक्तमाला आ.वि.आगे | ४ | ४ | १ | १०५ | २६ |
| १४ | रेणुका आ.वि.केउरानी ठुलाछाँप | १ | १ | १ | ११ | ११ |
| १५ | हिमालय मा.वि.निशंखे | १८ | १८ | ४ | ३४३ | १९ |
| १६ | नारायणस्थान मा.वि. असिने | १५ | १५ | ४ | १३९ | ९ |
| १७ | रक्तमाला आ.वि. चनौटे | ३ | ३ | ० | १२ | ४ |
| १८ | लामिस्वती आ.वि. | ३ | ३ | १ | १८ | ६ |
| १९ | वालविकास आ.वि. अँधेरी | ४ | ४ | ० | २५ | ६ |
| २० | कालिका आ.वि.रूम्जाटार | ० | ० | ० | ० | ० |
| २१ | भगवति आ.वि. काफलवोट | ३ | ३ | ० | ११ | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | रूम्जाटार मा.वि. | ३२ | ३२ | १६ | ५३१ | १७ |
| २३ | शारदा आ.वि.चार्खु | ४ | ४ | २ | २८ | ७ |
| २४ | कालिका देवी आ.वि.वर्नालु | ३ | ३ | ० | १२ | ४ |
| २५ | राज्यलक्ष्मी मा.वि.सानिटार | १० | १० | ३ | १८२ | १८ |
| २६ | सिंहदेवी आ.वि. चुप्लु | ४ | ४ | ० | १६ | ४ |
| २७ | सिद्वदेवी आ.वि.देउराली | ३ | ३ | ० | १० | ३ |
| २८ | जन्तरखानी मा.वि. जन्तरखानी | १० | १० | ३ | १८५ | १९ |
| २९ | थार्तिङ गुम्वा आ.वि.नलिडाडाँ | १ | १ | ० | १५ | १५ |
| ३० | नवज्योती मा.वि.मैदाने | १२ | १२ | ९ | १६६ | १४ |
| ३१ | वन्दना सिंहदेवि आ.वि. वाख्रे | १ | १ | १ | ३ | ३ |
| ३२ | जनआदर्श आ.वि.सर्सेपु | ३ | ३ | ० | २१ | ७ |
| ३३ | पुष्पलाल आ.वि.धनेपु | २ | २ | १ | १८ | ९ |
| ३४ | रत्न आ.वि.विगुटक्सार | ४ | ४ | १ | ३५ | ९ |
| ३५ | विगुटार मा.वि.विगुटार | १६ | १६ | ७ | २०५ | १३ |
| ३६ | शेर्पा सामुदायीक आ.वि. विगुटार | ४ | ४ | १ | ६६ | १७ |
| ३७ | संयुक्त आ.वि. घुन्सा | ६ | ६ | २ | ४४ | ७ |
| ३८ | कालिका आ.वि.सल्लेरी | ३ | ३ | २ | २२ | ७ |
| ३९ | चम्पादेवी मा.वि.सल्लेरी | ९ | ९ | २ | १०३ | ११ |
| ४० | सिद्वेश्वरी आ.वि.लगलगे | ३ | ३ | १ | १५ | ५ |
| ४१ | अरूणोदय आ.वि.गहते | ० | ० | ० | ० | ० |
| ४२ | कुन्ता मा.वि.ज्यामिरे | १५ | १५ | ६ | १०० | ७ |
| ४३ | चञ्चलादेवी आ.वि.ज्यामिरे | ४ | ४ | १ | ३२ | ८ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४४ | वरभञ्ज्याङ्ग आ.वि.गैरिगाउ | ० | ० | ० | ० | ० |
| ४५ | कालिका मा.वि.रूप्से | ९ | ९ | ४ | ८० | ९ |
| ४६ | थानी आ.वि.ठुलढुंगा | २ | २ | २ | १६ | ८ |
| ४७ | पञ्चावती आ.वि. आम्जानी | ३ | ३ | १ | २४ | ८ |
| ४८ | पुन्यमाता मा.वि. वेतिनी | १६ | १६ | ३ | १८२ | ११ |
| ४९ | अन्तराष्ट्रिय युवावर्ष आ.वि. वितलव | ४ | ४ | १ | ३१ | ८ |
| ५० | जाल्पा मा.वि.गैरीगाउँ | १४ | १४ | ६ | ३८० | २७ |
| ५१ | वालमन्दिर आ.वि. | ५ | ५ | ० | २८ | ६ |
| ५२ | सगरमाथा जनता मा.वि. | २२ | २२ | ३ | ७३४ | ३३ |
| जम्मा | | ३२५ | ३२५ | ११२ | ४४५० | १४ |

७५.८ **छात्रवृत्त: विद्यालय** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप ७.२.१.१ मा IEMIS मा प्रविष्ठ संख्यालाई सम्बन्धित बिद्यालयबाट कक्षागत विद्यार्थीको एथार्थ तथ्याङ्क सँग सत्यापण गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा छात्रवृत्ती वितरण गर्नुपर्ने व्यवस्था छ। विद्यालयले छात्रवृत्ती वितरण गरेको भरपाई परीक्षण गर्दा निकासा रकम भन्दा निम्नानुसार कम रकम वितरण गरेको पाईयो। निकासा रकमबाट वितरण गरी बाँकी रहेको रकम विद्यालयबाट फिर्ता गरी संचित कोष दाखिला गर्नुपर्ने रु.

| क्र.स | विद्यालयको नाम | निकासा संख्या | वितरण संख्या | फरक | दर | फरक रकम |
|---|---|---|---|---|---|---|
| १ | रक्तमाला आ.वि. | ७५ | ६६ | ९ | ४०० | ३६०० |
| २ | कडेनी मा.वि. | ७७ | ७० | ७ | ४०० | २८०० |
| ३ | जाल्पा मा.वि. | १५२ | १४५ | ७ | ४०० | २८०० |
| ४ | रुम्जाटार मा.वि. | १०२ | ८२ | २० | ४०० | ८००० |
| ५ | हिमालयन मा.वि. | ८१ | ७७ | ४ | ४०० | १६०० |
| ६ | अन्तराष्ट्रिय युवावर्ष आ.वि. | १९ | ० | १९ | ४०० | ७६०० |
| ७ | कालिका आ.वि.सल्लेरी | ११ | १० | १ | ४०० | ४०० |
| ८ | तिनपिप्ले आ.वि. | १६ | १२ | ४ | ४०० | १६०० |
| ९ | पन्चवती आ.वि.आम्जानी | १३ | ११ | २ | ४०० | ८०० |
| १० | पुन्यमाता मा.वि. वेतिनी | ५० | ४६ | ४ | ४०० | १६०० |
| ११ | विगुटार मा.वि. विगुटार | ५९ | ५७ | २ | ४०० | ८०० |
| जम्मा | | | | | | ३१६०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,६०० |

७५.९ **नमुना विद्यालय सामग्री खरिद:** कार्यक्रम कार्यान्वयन पुस्तिकाको कार्यक्रम कार्यान्वयन मार्गदर्शन १.३ को (ज) मा विद्यालयमा हुने खरिद कार्य सार्वजनिक खरिद ऐन, नियमावली, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावलीको परिधिमा रहि गर्ने र सोको अनुगमन स्थानीय तहले गर्ने व्यवस्था छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु.१० लाख सम्मको खरिद मात्र सोझै खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण प्रोत्साहन तथा कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान बापत रुम्जाटार मा.वि सि.न.पा. ४ लाई रु.३२ लाख निकासा दिएकोमा रु.१९००००० को विद्यालयको लागि आवश्यक सामग्री खरिद गरेको र रु.१३००००० शिक्षक विद्यार्थी क्षमता विकास लगायतको कार्यक्रम संचालन गरेको खर्च विवरण पेश गरेको छ। विद्यालयले विद्यालयको लागि आवश्यक शैक्षिक सामग्री खरिद गर्दा कार्यलाई विभिन्न ५ कार्यक्रमगत टुक्रा गरी सोझै टुक्रा टुक्रा खरिदगरी रु.१९००००० भुक्तानी दिएको छ। खरिद नियमावलीको व्यवस्था अनुसार एकमुष्ठ ३२ लाखको कार्यक्रम तयार गरी वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा टुक्रा गरी सोझै दिएको भुक्तानी नियमसम्मत देखिएन। बजेटको सिमा अनुसार खरिद विधिको पालना गरी खरिद कार्यमा मितव्ययिता तथा प्रतिस्पर्धा कायम गर्नुपर्दछ।

७५.१० **अनुगमन कार्यक्रम**: कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९ को क्रियाकलाप नं. २.७.१३.१३ अनुसार पुस्तकालय स्थापना र व्यवस्थापन, आईसिटीको प्रयोग र विज्ञान प्रयोगशाला स्थापनामको लागि अनुदान निकासा गरी त्रैमासिक रुपमा प्रतिवेदन लिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्राप्त गरेको निकासाबाट खरिद गरिएका निम्नानुसार सामानको प्रयोगवाट शैक्षिक गुणस्तर अभिवृद्धि सम्वन्धमा अनुगमन गरी प्रतिवेदन पेश गर्ने तथा अनुदानको सहि सदुपयोगको सुनिश्चितता हुनुपर्दछ।

| क्र.स | विद्यालय | कार्यक्रम | रकम |
|---|---|---|---|
| १. | चम्पादेवी मा.वि | विज्ञान प्रयोगसाला | ६५०००० |
| २. | तिनपिप्ले आ वि | पुस्तकालय | ६५०००० |
| ३. | नवज्योति मा वि | विज्ञान प्रयोगसाला | ६५०००० |
| ४. | नारायणस्थान मा वि | ICT ल्याव | ६५०००० |
| ५. | रक्तमाला आ वि आगे | पुस्तकालय | ६५०००० |
| जम्मा | | | ३२५०००० |

७६ **शिक्षा कार्यक्रम**

७६.१ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान:** कार्यक्रम कार्यान्वियन पुस्तिकाको क्रियाकलाप नं २.७.१३.१३ मा शैक्षिक व्यवस्थापकिय सुधार, सुशासनमा उत्कृष्ठ कार्य गरेका विद्यालयलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान प्राप्त गर्ने विद्यालयले अनुदान रकम विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्ने । विद्यालयले सम्पादित कार्यको आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रका विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रुपमा पठाउने तथा स्थानीय तहले प्रस्तावना अनुसार अनुदान रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष निम्नानुसार विद्यालयलाई अनुदान रकम उपलव्ध गराएकोमा विद्यालयले नगरपालिकामा प्रस्तावना पेश नगरी १/१ थान स्मार्ट बोर्ड खरिद गरेको विल पेश गरेको पाईयो। स्थानीय तहबाट प्राप्त हुन अनुदान रकम खर्च गर्दा विद्यालयबाट प्रस्तावना स्वीकृत गर्ने र पालिकामा पेश गर्ने र प्रस्तावना अनुसार प्रगति गरी सोको प्रतिवेदन पालिकामा पेश गर्ने र पालिकाले अनुदानको अनुगमन गरी अनुदानको उपयोगिताको सुनिश्चितता हुनुपर्दछ।

| गो भौ न मिति | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| २१५-०८१।३।२ | रुम्जाटार मा.वि | ३००००० |
| २१५-०८१।३।२ | जालपा मा.वि गैरीगाँउ | २००००० |
| जम्मा | | ५००००० |

७६.२ **सामुदायिक सिकाई केन्द्र:** कार्यक्रम कार्यन्वयन पुस्तिकाको ६.७ मा स्थानीय तहले नियमित रुपमा संचालनमा रहेका सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण गरी पुस्तिकामा उल्लेखित मापदण्ड पुरा गरेका सामुदायिक सिकाई केन्द्रहरुलाई एकमुष्ठ रु.२५०००० अनुदान उपलव्ध गराउने र केन्द्रले नियमित रुपमा पुस्तिकाम माग भए बमोजिको विवरण स्थानीय तहमा उपलव्ध गराउने र स्थानीय तहले प्रभाबकारी रुपमा संचालनमा रहेको एकिन गरेर मात्र आगामि बर्षकोलागि निकासा सुनिश्चित गर्ने व्यवस्था छ। यस वर्ष नगरपालिकाले निम्नानुसार सामुदायिक सिकाई केन्द्रलाई रु.७५०००० भुक्तानी दिएको छ। नगरपालिकाले सामुदायिक सिकाई केन्द्रको स्थलगत निरीक्षण तथा अनुगमन गरेको छैन। केन्द्रले पेश गरेको गत विगतको प्रगति प्रतिवेदन अनुसार पत्रपत्रिका खरिद गर्ने तथा १ जना कर्मचारीलाई तलव भत्ता दिने गरेको खर्च विवरण र प्रगति प्रतिवेदन पेश गरेको देखिन्छ। निम्नानुसार सिकाई केन्द्रको अनुगमन तथा निरीक्षण गरी पुस्तिकामा उल्लेखित मापदण्ड पुरा गरेको एकिन गरेर र उदेश्य अनुसार संचालनको सुनिश्चितता गरेर मात्र अनुदान निकासा दिने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ। साथै यस वर्ष निकासा भएको रकमको खर्च विवरण तथा प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ।

७६.३ **प्रारम्भिक बालविकास सहजकर्ता:** प्रारम्भिक बालबिकास कार्यक्रम संचालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा संचालन गर्नुपर्ने र प्रत्यक कक्षामा २५ जना सम्म बालबालिका राख्नुपर्ने व्यवस्था छ। तपसिल विद्यालयका २५ जना

बालबालिका वरावर १ सहजकर्ता राख्नुपर्नेमा २५ भन्दा कम भएको विद्यालयमा पनि १ भन्दा बढी सहजकर्ता राखेको पाईयो। प्रति सहजकर्ता प्रतिमहिना रु.१७००० का दरले निकासा दिएको छ। निर्देशिका अनुसार बढी संख्यामा सहजकर्ता राखि भुक्तानी दिदा थप व्ययभार पारेको रु...

| क्र.स | विद्यालयको नाम | बिद्यार्थी संख्या | सहजकर्ता संख्या | राख्नुपर्ने | बढी | भुक्तानी रकम | भुक्तानी हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | कडेनी मा.वि. खनियाखर्क | ११ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| २ | कालिका मा.वि.रूप्से | २५ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| ३ | कुन्ता मा.वि.ज्यामिरे | १९ | ५ | १ | ४ | ११०५००० | २२१००० | ८८४००० |
| ४ | चम्पादेवी मा.वि.सल्लेरी | १२ | ३ | १ | २ | ६६३००० | २२१००० | ४४२००० |
| ५ | जन्तरखानी मा.वि. जन्तरखानी | २५ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| ६ | नारायणस्थान मा.वि. असिने | १० | ३ | १ | २ | ६६३००० | २२१००० | ४४२००० |
| ७ | पञ्चावती आ.वि. आम्जानी | १२ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| ८ | रक्तमाला आ.वि. चनौटे | ३ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| ९ | रक्तमाला आ.वि.आगे जोरधारा | ४२ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| १० | रूम्जाटार मा.वि. रुम्जाटार | ३ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| ११ | वालविकास आ.वि. अँधेरी | ११ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| १२ | शारदा आ.वि.चार्खु | १३ | २ | १ | १ | ४४२००० | २२१००० | २२१००० |
| १३ | हिमालय मा.वि. निशंखे | २६ | ३ | २ | १ | ६६३००० | ४४२००० | २२१००० |
| जम्मा | | | | | | | | ३९७८००० |

| अनियमित भएको | ३९,७८,००० |
|---|---|

७६.४ **इन्टरनेट:** कार्यक्रम कार्यन्वयन पुस्तिकाको क्रियाकलाप ५.५मा सुचना तथा संचार प्रविधिमा आधारित सिक्षण सिकाई व्यवस्थापन गर्ने सवै सामुदायिक विद्यालयहरुमा इन्टरनेट जडान गर्ने र जडित इन्टरनेट शुल्क भुक्तानी गर्ने प्रयोजनार्थ प्रति विद्यालय रु.१२००० का दरले अनुदान उपलव्ध गराउने, विद्यालयमा इन्टरनेट सुविधाको व्यवस्था तथा प्रयोगको नियमित अनुगमन गर्ने र इन्टरनेट प्रयोग गरेका विद्यालयको विवरण अनिवार्य रुपमा IEMIS अनिवार्य रुपमा अद्यावधिक गर्ने व्यवस्था छ।नगरपालिकाले ४७ विद्यालयमा इन्टरनेट संचालनको लागि रु.१२००० का दरले रकम निकासा गरेकोमा लेखापरीक्षणको क्रममा पालिकाको IEMIS प्रणाली परीक्षण गर्दा निम्नानुसार २० विद्यालयले इन्टरनेट जडान नगरेको उल्लेख गरेको छ। जसबाट विद्यालयले इन्टरनेट जडान नगरी इन्टरनेट बापतको शुल्क रकम निकासा दिने गरेको पाईयो। इन्टरनेटको जडान र प्रयोगबारे पालिकाले अनुगमन गरेको पाईएन। IEMIS को प्रतिवेदन अनुसार यस आर्थिक बर्षको इन्टरनेट बापतको रकम विद्यालयबाट फिर्ता गरी आगामि बर्षको निकासा दिदा इन्टरनेट जडान गरेको एकिन गरेर मात्र निकासा दिने व्यवस्था गर्नुपर्दछ। विद्यालयले इन्टरने जडान गरी बिल भुक्तानी दिएको प्रमाण पेश गर्नुपर्ने रु....

| क्रम | कर्मचारीको नाम | असुली रकम |
|---|---|---|
| ७६.४.१ | अन्तराष्ट्रिय युवावर्ष आ.वि वितलव | १२,००० |
| ७६.४.२ | आदर्श आ.वि.राम्चे | १२,००० |
| ७६.४.३ | आनन्देश्वर आ.वि.ठुलाछाप | १२,००० |
| ७६.४.४ | कालिका आ.वि.सल्लेरी | १२,००० |
| ७६.४.५ | कालिका देवी आ.वि.वर्नालु | १२,००० |
| ७६.४.६ | चञ्चलादेवी आ.वि.ज्यामिरे | १२,००० |
| ७६.४.७ | जनआदर्श आ.वि.सर्सेपु | १२,००० |
| ७६.४.८ | जानुका आ.वि. ठुलाछाप | १२,००० |
| ७६.४.९ | थानी आ.वि.ठुलढुंगा | १२,००० |
| ७६.४.१० | दुधकोशी आ.वि.तलुवा | १२,००० |
| ७६.४.११ | पञ्चावती आ.वि. आम्जानी | १२,००० |
| ७६.४.१२ | पुष्पलाल आ.वि.धनेपु | १२,००० |
| ७६.४.१३ | भगवतिआ.वि. काफलवोट | १२,००० |
| ७६.४.१४ | रत्न आ.वि.विगुटक्सार | १२,००० |
| ७६.४.१५ | रेणुका आ.वि.केउरेनी | १२,००० |
| ७६.४.१६ | वन्दना सिंहदेवि आ.वि. वाख्रे | १२,००० |
| ७६.४.१७ | वालविकास आ.वि. अँधेरी | १२,००० |
| ७६.४.१८ | सिद्वदेवी आ.वि.देउराली | १२,००० |
| ७६.४.१९ | सिद्वेश्वरी आ.वि.लगलगे | १२,००० |
| ७६.४.२० | सिंहदेवी आ.वि. चुप्लु | १२,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,००० |

७६.५ **फिडर छात्रवृत्ती:** क्रियाकलाप ७.२.१.१मा फिडर छात्रवृत्ती उपलव्ध गराउदा स्वीकृत कोटा तथा विद्यालय संचालनको स्थलगत निरीक्षण अनुगमन गरी प्रतिवेदनको आधारमा एकिन गरी निकासा दिनुपर्ने र छात्रावास व्यवस्थापन खर्च क्रियाकलाप नं २.७.१३.१० अनुसार विनियोजन गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले फिडर छात्रवासकोलागि सगरमाथा जनता माध्यमिक विद्यालय द्धारा संचालित महिला फिडर छात्रवासलाई १९ जना छात्राको लागि तथा व्यवस्थापन खर्च समेत रु.८४२०१२ भुक्तानी दिएको छ। छात्रावासले विद्यार्थीको विवरण तथा प्रगति प्रतिवेदन समेत छात्रवृत्ति रकम क्रियाकलाप अनुसार विनियोजन विवरण समेतको श्रेस्ता पेश गरेको छैन। कार्यक्रम कार्यन्वयन पुस्तिकाको व्यवस्था अनुसारको छात्रवृत्ती रकम खर्चको विवरण तथा अनुगमन तथा प्रगति प्रतिवेदन पेश गर्नुपर्दछ।

७६.६ **लेखापरीक्षण प्रतिवेदन**: मानव विकास श्रोत केन्द्रबाट प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०७९ को क्रियाकलाप नं. २.७.१३.१० अनुसार आर्थिक लेखापरीक्षणको लागी आधारभुत तहमा सञ्चालित विद्यालयलाई रु.१५,०००.०० र माध्यमिक तहमा सञ्चालित विद्यालयलाई रु. २०,०००.०० का दरले निकासा दिन सकिने व्यवस्था छ । लेखापरीक्षणको लागी तपसिलका २

विद्यालयहरुलाई रु. ३०,०००.०० निकासा गरेकोमा आर्थिक वर्ष २०७९।८० को लेखापरीक्षण प्रतिवेदन पेश भएको छैन । कार्यान्वयन पुस्तिका अनुसार लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्दछ।

७६.७ (१६१-२०८१-२-२१):

**विद्यार्थी निर्वाह खर्च:**कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को सि.नं. २.६ अनुसार शिक्षण सिकाई सामग्री तथा व्यवहारीक अभ्यासको लागि कक्षा ९-१२ सम्मका विद्यार्थीहरुलाई प्रति विद्यार्थी रु.१५,०००.०० का दरले निकासा गर्ने र विद्यालयले सोमध्ये निर्वाह खर्चका लागी प्रति विद्यार्थी मासिक रु.१,०००.०० का दरले सम्वन्धित विद्यार्थीको बैंक खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। प्राविधक धार PCF कार्यक्रमको लागि रुम्जाटार माध्यमिक विद्यालयका १३६ विद्यार्थीको लागि रु.१६०५००० निकासा दिएकोमा उक्त रकम मध्ये OJT खर्च बापत १३६ जना विद्यार्थीलाई रु.८६९८०० निजको वैंक खातामा दाखिला गर्नुपर्नेमा रु.८७४०० मात्र बैंक दाखिला गरी बाँकी रकम रु.७८२४०० विद्यार्थीलाई नगद हस्तान्तरण गरेको भरापई पेश गरेको छ। कार्यक्रम कार्यान्वयन पुस्तिका अनुसार विद्यार्थीको वैंङ्क खातामा रकम दाखिला गर्नुपर्नेमा भरपाईको आधारमा दिएको अनियमित देखिएको रु...

| | |
|---|---|
| अनियमित भएको | ७,८२,४०० |

७७ **स्वास्थ्य तर्फ**

७७.१ **स्वास्थ्य कार्यक्रम:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४७(४) मा पेश्की लिने व्यक्तिले काम सम्पन्न भएको पन्ध्र दिन भित्र आफुले गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने आवश्यक बिल भरपाई र कागजात सहितको प्रतिवेदन पेश गरी पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ।नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शन २०८० को निर्देशन नं ६१ मा नगद मार्फत भुक्तानी दिदा हुने जोखिमलाई नियन्त्रण गर्न आपुर्तिकर्ता, सेवाप्रदायक तथा व्यवसायी लगायत सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। कार्यालयले स्वास्थ्य कार्यक्रम अन्तरगत स्वास्थ्य संस्थासँगको समिक्षा कार्यक्रम, नियमित खोप कार्यक्रम, स्वास्थ्य सुढृणिकरण कार्यक्रम, स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मि तथा महिला स्वयमसेवकसँग नियमित मासिक बैठक लगायतका कार्यक्रम संचालन गर्न स्वास्थ्य शाखामा कार्यरत कर्मचारीले एकमुष्ठ पेश्की निकासा लिने र आर्थिक बर्षको अन्त्यमा कर्मचारीलाई सहभागि भत्ता भुक्तानी दिएको भरपाई, विभिन्न स्टेशनरी सामग्री खरिद गरेका टुक्रा विल, कार्यक्रममा खाजा खाना खाएको विल भरपाई लगायत पेश गरेको आधारमा पेश्की फछ्यौट दिने गरको पाईयो। कर्मचारीलाई एकमुष्ठ पेश्की दिने कार्यमा नियन्त्रण गरी पेश्की दिनै पर्ने कामको लागि मात्र पेश्की दिने र कर्मचारीलाई वितरण गरिने सहभागि भत्ता, विभिन्न पसलको स्टेशनरी लगायतको भुक्तानी, विभिन्न होटलको खाजा खाना लगायतको विल भुक्तानी सोझै बैंकिङ्ग प्रणाली मार्फत गरी पेश्की माथि पेश्की दिने र बर्षान्तमा पेश्कि फछ्यौट गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

७७.२ **तलवि प्रतिवेदन:** निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | नगरपालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६० कर्मचारीको रु.३९३३३००० र स्थानीय तह तर्फ ४७ स्थायी कर्मचारीको रु.२६४३१६०१ समेत जम्मा १०७ स्थायी कर्मचारीको रु.६५७६४६०१ तलव भत्ता तलवि प्रतिवेदन पारित नगरी खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

७७.३ (३६३-२०८१-३-२३):

**स्वास्थ्य उपकरण खरिद:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ मा सार्वजनिक खर्चको लेखा राख्दा विल भरपाई तथा खर्च पुष्ट्याई हुने प्रमाण कागजात श्रेस्ता समेत राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले ईजी ट्रेड लिंकबाट रु.८३७०४९ को स्वास्थ्य उपकरण खरिद गरेकोमा उक्त सामग्री स्वास्थ्य संस्थामा वितरण तथा हस्तान्तरण गरेको विवरण पेश गरेको

छैन । खरिद गरेको सामग्री सार्बजनिक सम्पत्ती व्यवस्थापन प्रणालीबाट हस्तान्तरण गरी हस्तान्तरण प्राप्त स्वास्थ्य संस्थाको जिन्सी खातामा दाखिला गर्नुपर्ने रु.......

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,३७,०४९ |

७७.४ **दैनिक भ्रमण भत्ता:**भ्रमण खर्च नियमावली,२०६४ को नियम ७(३) मा बस वा अन्य सार्वजनिक यातायातको सुविधा हुने ठाउँमा एकै दिन गई फर्कने गरी सरकारी काममा काज खटिने कर्मचारीले यस नियमावलीको दैनिक भ्रमण भत्ताको २५ प्रतिशत रकम खाजा खर्च वापत पाउने व्यवस्था छ। नगरपालिका भित्र एक दिनमा भ्रमण गरेर फर्कन सकिने स्थानको समेत १ दिन भन्दा बढीको पुरै दिनको भ्रमण भत्ता लिने गरेको पाईयो।लेखापरीक्षणको क्रममा नमुना परीक्षण गर्दा संघिय सशर्त खर्च शिर्षकको निम्नानुसार गोश्वारा भौचरबाट दैनिक भ्रमण भत्ता भुक्तानी दिदा नियमावलीको व्यवस्था अनुसार अधिकतम दैनिक २५ प्रतिशत मात्र भुक्तानी दिनुपर्नेमा बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु....

| क्र.स | भौचर मिति | कर्मचारी | भ्रमण गरेको क्षेत्र | भ्रमण दिन | भ्रमण रकम | भुक्तानी दिन मिल्ने | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | ११-८०।६।२१ | हरिमाया श्रेष्ठ | तलुवा र ठुलाछाप | ४ | ६२०० | १६०० | ४६०० |
| २ | ११-८०।६।२१ | हरिमाया श्रेष्ठ | विगुटार र जन्तरखानी | ४ | ६२०० | १६०० | ४६०० |
| ३ | १४-८०।६।२३ | अस्मिता दाहाल | वडा नं ६ र १ | ७ | ११००० | २८०० | ८२०० |
| ४ | १५-८०।६।२३ | तारा राई | वडा १,६,२, | १४ | १७००० | ५६०० | ११४०० |
| ५ | १५-८०।६।२३ | रन्जु घिमिरे दाहाल | वडा ६ र ७ | १४ | १६५०० | ५६०० | १०९०० |
| ६ | १५-८०।६।२३ | विन्दा तामाङ | वडा १,२,३,८,९,१० | १४ | १६५०० | ५६०० | १०९०० |
| ७ | १६-८०।६।२३ | पवन कुमार लामा | जन्तरखानी, तलुवा, ठुलाछाप | १४ | २२००० | ५६०० | १६४०० |
| ८ | १७-८०।६।२४ | पुजा रेग्मी | तलुवा र ठाडे | ७ | ११००० | २८०० | ८२०० |
| ९ | २२-८०।६।३० | आईत बहादुर राई | वडा १ देखि १२ सम्म | ७ | १०००० | २८०० | ७२०० |
| १० | ३०-८०।८।२४ | पुजा रेग्मी | जन्तरखानी | ७ | १२००० | २८०० | ९२०० |
| ११ | ९९-८०।१२।६ | अस्मिता दाहाल | तलुवा, विगुटार र रुम्जाटार | ७ | १०००० | २८०० | ७२०० |
| १२ | ९९-८०।१२।६ | भिम बहादुर दर्जी | तलुवा, विगुटार र रुम्जाटार | ७ | १०००० | २८०० | ७२०० |
| १३ | ९९-८०।१२।६ | हरि माया श्रेष्ठ | तलुवा र विगुटार | ७ | ७६०० | २८०० | ४८०० |
| जम्मा | | | | | १५६००० | | ११०८०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१०,८०० |

७७.५ **औषधि खरिद:** पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ।पालिकाले यस वर्ष निम्नानुसार औषधि खरिद गरी रु.२८१३८४० भुक्तानी दिएको छ । कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन। पालिकाले खरिद गरेको औषधि ELMIS मा दाखिला गरेको छैन। खरिद गरेको औषधि दाखिला गर्ने सोहि प्रणालीबाट हस्तान्तरण गरी बाँकी औषधि को विवरण अद्यावधिक गरी औषधि व्यवस्थापन चुस्त दुरुस्त राखि अत्यावश्यक तथा नि:शुल्क वितरणको औषधि अभाव नुहुनेगरी व्यवस्थापन गर्ने तथा ELMIS मा दाखिला गरी औषधिको वास्तविक मौज्दात एकिन गर्नुपर्दछ।

| गो.भौ.न मिति | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| ११२-०८०।१२।१६ | औषधि खरिद | हिमालयन मेडिसिन डिस्ट्रिब्यूट | २४८८५० |
| १३५-०८१।१।२६ | औषधि खरिद | हेलपिङ्ग हेल्थ पोलिक्लिनिक | १०००१४० |
| ५५-०८०।८।२१ | औषधि खरिद | हिमालयन मेडिसिन डिस्ट्रिब्यूट | ६८५६५० |
| २८०-०८१।३।१८ | औषधि खरिद | हेलपिङ्ग हेल्थ पोलिक्लिनिक | ८७९२०० |
| जम्मा | | | २८१३८४० |

## ७८ गरिवी निवारणकोलागि लघुउद्यम बिकास कार्यक्रम

७८.१ **अनुगमन:**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को परिच्छेद १० मा स्थानीय तहले उयर्युक्त सुचक निर्धारण गरी कार्यक्रमको प्रभावकारीताको अनुगमन तथा मुल्याङ्कन गर्ने, स्थानीय तहले कार्यक्रमको भौतिक तथा वित्तीय प्रगति लघु घरेलु तथा साना उद्योग प्रवद्धन केन्द्र र मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। यस वर्ष निम्नानुसार कार्यक्रम संचालन भएकोमा पालिकाले लघुउद्यम बिकास कार्यक्रमबाट संचालित कार्यक्रमको अनुगमन गर्ने र सोको प्रभाव मुल्याङ्कन गर्ने गरेको छैन। संचालिन कार्यक्रमको प्रगति र सोको उपलव्धि समेतको प्रभाव मुल्याङ्कन गरी तालुक निकायमा पठाउने व्यवस्था कार्यान्वियन गर्नुपर्दछ।

| गो.भौ.न मिति | विवरण | सहायता प्रप्त गर्ने संख्या | रकम |
|---|---|---|---|
| २१७-०८१।३।२ | प्रति परिवार ८ थान जस्ता पाता वितरण | १६ घरपरिवार | १३९६२१ |
| २२०-०८१।३।३ | बुंगुरको पाठा वितरण | २३ घरपरिवार | २३०००० |
| जम्मा | | ३९ घरपरिवार | ३६९६२१ |

७८.२ **फरक कार्यक्रम:**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७नियम ३७ मा स्तरोन्नतिको लागि पहिचान गरिएका उद्यम संचालन गर्ने लघुउद्यमि मध्ये एड्भान्स तालिम लिन चाहने उद्यमि छनौट गरी वार्षिक कार्यक्रम अनुसार एड्भान्स तालिम दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष एड्भान्स तालिम संचालन नगरी उक्त कार्यक्रमकोलागि विनियोजित बजेटबाट प्रविधि तथा वस्तुगत सहायता वितरण गरेको पाईयो। विनियोजित बजेट अनुसारको कार्यक्रम संचालन नगरी फरक क्रियाकलापमा खर्च गरेको अनियमित देखिएको रु....

| गो.भौ.न मिति | निर्धारित कार्यक्रम | खर्च गरेको कार्यक्रम | भुक्तानी रकम |
|---|---|---|---|
| २२०-०८१।३।३ | उद्यमिकोलागि एड्भान्स सिप विकास तालिम | प्रविधि हस्तान्तरण अन्तरगत वुंगुर वितरण | २१५६०० |
| २२०-०८१।३।३ | नयाँ लघुउद्यम सिर्जना गर्ने | प्रविधि हस्तान्तरण अन्तरगत वुंगुर वितरण | १४४०० |
| जम्मा | | | २३०००० |

| अनियमित भएको | २,३०,००० |
|---|---|

## ७९ कृषि कार्यक्रम तथा अनुदान वितरण

७९.१ **व्यवसायिक पशुपालन कार्यक्रम:** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८० को नियम ११.२ मा पशुपालन प्रवद्धन कार्यक्रम र व्यवसायिक पशुपालन कार्यक्रम संचालन गर्दा मौजुदा बथानमा थपिएका बीमा गरिएका पशु सङ्ख्या एकिन गरी प्रति पशु अनुदान रकम निर्धारण गर्नुपर्ने र नियम १५ मा नगद अनुदान प्राप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पुर्वाधारको विमा गर्नुपर्ने साथै नियम १३ मा संचालित कार्यक्रम अनुसुची ७

बमोजिम अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा पशु सेवा विभागमा पठाउनुपर्ने व्यवस्था छ। नगरपालिकाले यस वर्ष निम्नानुसार संस्था तथा व्यक्तिलाई एकमुष्ठ अनुदान रु.९६४५०० निकासा दिएको छ। पालिकाले अनुदान उपलव्ध गराउदा प्रति पशु अनुदान निर्धारण गरेको छैन साथै उक्त फममा थपिएका पशुको बीमा नगरी अनुदान रकम उपलव्ध गराएको पाईयो। संचालित कार्यक्रमको अर्ध वार्षिक र वर्षिक प्रगति प्रतिवेदन तालुक निकायमा पठाएको छैन। कार्यक्रम संचालन गर्दा अनिवार्य बीमा गरेर मात्र अनुदान निकासा दिने तथा निर्देशिकाको व्यवस्था कार्यान्वियन गर्नुपर्दछ। प्रति पशु अनुदान निर्धारण नगरी बीमा नगरी अनुदान भुक्तानी दिएको र अनुदानको अर्धवार्षिक तथा बार्षिक प्रगति प्रतिवेदन तयार नगरेको अनियमित देखिएको रु....

| गो.भौ.न. मिति | अनुदान प्राप्त संस्था | रकम |
|---|---|---|
| १८३-०८१।२।२९ | जागरुक कृषि तथा पशुपालन कृषक समुहलाई | २२१००० |
| १८४-०८१।२।२९ | गोपाल बहादुर कटवाल | ६५००० |
| १९४-०८१।२।३० | जाल्पा कृषि तथा पशुपालन प्रा.लि | ५०००० |
| १९५-०८१।२।३० | कुमार बहादुर बस्नेत | ५०००० |
| १९७-०८१।२।३१ | खडानन्द धमला | ५०००० |
| १९८-०८१।२।३१ | देविचरण बास्तोला | १००००० |
| १९९-०८१।२।३१ | मनिसा भावना बाख्रा फार्म | ६५००० |
| २०२-०८१।२।३१ | उर्मिला धमला बास्तोला | १२०००० |
| २०३-०८१।२।३१ | सोम प्रसाद धमला | ५०००० |
| २०४-०८१।२।३१ | बिनिता राई | ४८५०० |
| २०५-०८१।२।३२ | संस्कृती भैंसी फार्म | १००००० |
| २६२-०८१।३।१४ | देउसरी राई बंगुर पालन | ४५००० |
| जम्मा | | ९६४५०० |

| अनियमित भएको | ९,६४,५०० |
|---|---|

७९.२ **कृषि उपकरण वितरण:** प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्बन्धी कार्यविधि,२०८० को नियम ४८ मा अनुदान प्राप्त अनुदान ग्राहीले कृषि बीमा गराउने, नियम १२ मा संचालित कार्यक्रमको अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था छ। यस वर्ष नगरपालिकाले कृषि प्रवद्धन कार्यक्रम अन्तर्गत निम्नानुसार उपकरण वितरण गरी के.एन.पि मेसिनरीलाई रु.१४९९२५० र विउ विजनमा रु.९२८५०० भुक्तानी दिएको छ।पालिकाले अनुदान वितरण गरेपश्चात उक्त अनुदानको उपयोगिता र सोबाट प्राप्त प्रतिफलबारे अनुगमन तथा मुल्याङ्कन गरेको पाईएन। अनुदान प्राप्त गर्ने अनुदनग्राहीले आफ्नो कृषि व्यवसायको बीमा गरेको पाईएन। कार्यविधिको व्यवस्था अनुसार अनुदानग्राही छनौट गर्दा कृषि बीमा गराउने तथा अनुदान वितरण पश्चात सोको नियमित अनुगमन मुल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने र अनुदानको उपयोगिताको सुनिश्चितता गर्नुपर्दछ।

उपकरण:

| क्र.स | विवरण | परिमाण | रकम | कार्यालयले व्यहोर्ने |
|---|---|---|---|---|
| १ | मिनिटिलर ७ एच पि | १५ थान | ७०५००० | ५२८७५० |
| २ | मिनिटिलर ५ एच पि | ४ थान | १७२००० | १२९००० |
| ३ | कोदो चुट्ने मेसिन | ५ थान | २४०००० | १२०००० |
| ५ | कम्वाईन राईस मिल | ३४ थान | १०२०००० | ५१०००० |
| ६ | मिनिटिलर १७८ F | ६ थान | २८२००० | २११५०० |
| जम्मा | | | | १४९९२५० |

विउ विजन अनुदान:

| क्र.स | विवरण | कार्यालयको भुक्तानी |
|---|---|---|
| १०१-८०।१२।१४ | मकैको विउ वितरण ५० प्रतिशत अनुदानमा वितरण | ४७८५०० |
| १४९-०८१।२।४ | रैथानेवालि प्रवद्धनको लागि सप्तरेखा महिला कृषि समुह | १००००० |
| २२६-०८१।३।६ | सिडविन वितरण ५० प्रतिशत अनुदानमा वितरण | २००००० |
| २८६-०८१।३।१९ | सुभारम्भ कृषि तथा पशुपंक्षी फर्मलाई अनुदान | १५०००० |
| जम्मा | | ९२८५०० |

८० **प्रधानमन्त्री रोजगार कार्यक्रम**

प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को नियम २९ मा कामको नियमित सुपरीवेक्षण गर्नुपर्ने र नियम ३० मा अनुसूची ५ बमोजिम प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ। स्थानीय तहमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउन एवं सामुदायिक पुर्वाधारको विकास मार्फत नागरीकको जीवन यापनमा सुधार ल्याउने उदेश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ। यस कार्यक्रम अन्तर्गत पालिकाको १२ वटै वडाहरुमा मन्दिर तथा चौतारो निर्माण, सडक मर्मत तथा सोलिङ, कुलो कटानको कार्य गर्न लगायतका विभिन्न ५५ वटा योजना संचालनमा रहेको र उक्त कार्यबाट औषतमा २४ कार्य दिन कार्य गरेवापत ४०२ जनालाई ज्यालाबापत रु.६४८९३१५ खर्च भुक्तानी दिएको देखियो। उक्त कार्यबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सृजना भएतापनि संचालित योजनाबाट कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजना भएको देखिदैन। उक्त कार्यक्रमको लागि संघिय सशर्त र नगरपालिका तर्फबाट समेत जम्मा रु.९२८४३८१ खर्च गर्दा नागरीकलाई औषतमा २४ दिन मात्र रोजगारी सृजना भएको देखियो। निर्मित कामको दिगोपना र दीर्घकालिन रोजगारी सृजनाहुने आयोजना संचालन गर्ने तर्फ जोड दिनुपर्ने देखिन्छ। साथै कार्यविधिको व्यवस्था कार्यान्वियन गरी रोजगार कार्यक्रमलाई थप परिस्कृत तथा व्यवस्थित गर्ने तर्फ ध्यान दिनुपर्दछ।

८१ **सामाजिक सुरक्षा**

सामाजिक सुरक्षा ऐन, २०७५ र नियमावली, २०७६ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान अनुसार सामाजिक सुरक्षा भत्ता उपलव्ध गराउनु पर्दछ । नेपाल सरकारबाट पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि प्राप्त रु. १४,३६,०५,०००। मध्ये रु.१४,१२,६३,९८२। वितरण गरी रु.१,३९,३२८.०० निकासा फिर्ता भएको देखिन्छ । सामाजिक सुरक्षा भत्ता वितरणको कार्यविधि, २०७७ को वुदा नं. २१ अनुसार लाभग्राहीहरुको भत्ता वैंक मार्फत सम्वन्धितको खातामा दाखिला गरेको विवरण पेश गरेको छ।

८२ **प्रशासनिक खर्च र आन्तरिक आयको तुलना**

पालिकाको आन्तरिक आम्दानी तथा केही प्रशासनिक खर्च देहाए अनुसार रहेको छः

| प्रशासनिक खर्च | | | आन्तरिक आय | | |
|---|---|---|---|---|---|
| क्र.सं. | खर्च शीर्षक | रकम रु. | क्र.सं. | शीर्षक | रकम |
| १. | इन्धन (पदाधिकारी) | ६,४०,०४४ | १. | आम्दानी | १,७१,४९,३६२.४७ |
| २. | इन्धन कार्यालय प्रयोजन | ३८,१३,५०० | | | |
| ३. | सवारीसाधन मर्मत खर्च | ३३,९८,१८१ | | | |
| ४. | मेसिनरी औजार मर्मत | ५,७६,२८८ | | | |
| ५. | अनुगमनमुल्याङ्कन खर्च | १,७८,८०० | | | |
| ६. | भ्रमण खर्च | ३२,८२,१९५ | | | |
| ७. | घर भाडा | १०,२१,६४३.४० | | | |
| ८. | विविध खर्च | १७,९६,१२७ | | | |
| ९. | सभा तथा विविध कार्यक्रम खर्च | २,१३,९६० | | | |
| १०. | पदाधिकारी सुविधा | १,३७,५१,१५० | | | |
| जम्मा | | २,८६,७१,८८८ | | जम्मा | १,७१,४९,३६२.४७ |

पालिकाको आन्तरिक आम्दानीको तुलनामा उल्लिखित प्रशासनिक खर्च ६७.१८ प्रतिशत वढी रहेकोले प्रशासनिक खर्चको मापदण्ड तयार गरी खर्च मितव्ययी बनाउनुपर्दछ ।

## ८३ आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजू

८३.१ अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका, २०७५ बमोजिम सहायक स्तरका प्रशिक्षकलाई कार्यपत्र वापत पाउने रु. ८०० र संयोजकलाई प्रति दिन रु.४०० दिनु पर्ने व्यवस्था रहेको तर विभागले उपलब्ध गराएको तालिम खाका बमोजिम कर्मचारीलाई कम्प्युटर तालिम सम्बन्धमा प्रशिक्षक भत्ता बढी दिएको तपशिल बमोजिमका भुक्तानी लिएको असूल गर्नु पर्ने रु.

| नाम/थर | जम्मा कक्षा | कार्यपत्र वापत रु. | बढि भएको असूल रु. |
|---|---|---|---|
| १.श्री तारा राई | २ | ४००० | १७०० |
| २.श्री मदन तामाङ | २ | ४००० | १७०० |
| जम्मा | | | ३४०० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,४०० |

८३.२

| क्र.सं. | विवरण | रकम रु. |
|---|---|---|
| **१.** | **नविकरण दस्तुरः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ दफा २४ र नियमावली २०७७ नियम ३९(11) मा सरकारी कारोवार गर्दा उचित गुणस्तर,मितव्ययी तथा हानि-नोक्सानी नहुने गरी सरकारी खर्च गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यो वर्ष २६ वटा सवारी साधनको नविकरण गर्दा थप दस्तुर एंव वक्यौता समेत रु.१,९७,३५० भुक्तानी गरेकोमा जरिवाना रकम रु.३०,७६३ भुक्तानी गरेको नियमसम्म नदेखिएको रु. | **३०,७६३** |
| **२.** | **जिन्सी दाखिलाः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ परिच्छेद 10 मा तोकिएको ढाँचामा (म.ले.प. फारम) जिन्सी माल सामानहरु आम्दानी बाँध्ने र खर्चको अभिलेख राख्नु पर्ने व्यवस्था छ । कार्यालयले ज्येष्ठ नागरिक सेवा केन्द्र सि.न.पा. ११ ओखलढुंगालाई गो.भौ.नं. २८।२०८१।३।११ गते प्रोजेक्टर, किचन र्याक, स्टिल टेबल, टी टेबल काठको ३ थान खरिद गरी रु.१,००,०००।- भुक्तानी गरेको उक्त सामान लेखापरीक्षणको समयसम्म पनि जिन्सी दाखिला गरी आम्दानी बाँधेको पाईएन । यसरी जिन्सी दाखिला नगरी भुक्तानी दिएको अनियमित देखिएको रु. | १,००,००० |

| | |
|---|---|
| अनियमित भएको | १,३०,७६३ |

## ८४ समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता

समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसार प्रधानाध्यापक भत्ता तथा स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयमा गत विगतदेखि नै कार्यरत शिक्षक तथा कर्मचारीलाई वित्तीय समानीकरण अनुदानबाट रु.१७ लाख ३२ हजार तलब भत्ता भुक्तानी गरेको छ । शिक्षक दरवन्दी सम्वन्धमा O&M गरी स्वीकृत भए अनुसार खर्च भुक्तानी हुनु पर्नेमा विकास निर्माणको लागि विनियोजन भएको वित्तीय समानिकरणको अनुदानवाट तलव खर्च लेख्नु उचित तथा नियमसम्मत देखिएन ।

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : सिद्धिचरण नगरपालिका, ओखलढुंगा , सिद्धिचरण नगरपालिका , ओखलढुङ्गा

| **पद** | **नाम** | **कार्यकाल सुरु मिति** | **कार्यकाल समाप्त मिति** |
|---|---|---|---|
| कार्यालय प्रमुख | निलकण्ठ विश्वकर्मा | २०८०-८-२७ | |
| कार्यालय प्रमुख | किसान न्यौपाने | २०८१-१२-४ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नरेश कटवाल | २०७५-१२-५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| १,५२४,०८५.८१ | १२,२२५,३०१ | २,३१९,०४३.२८ | ० | ० | ६,३८७,९४० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | २२,४५६,३७०.०९ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | | | | | १,७४३,६४२ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | २०,७१२,७२८.०९ |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | ५०८२८७३८.८९ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४९०२१६००० | चालु खर्च | ६०८९८७४००.६९ |
| प्रदेश सरकारबाट अनुदान | ३६९१२००० | पूँजीगत खर्च | १७१००३८६७ |
| राजश्व बाँडफाँट | ९६२९०९७८.७ | वित्तीय/अन्य व्यवस्था | ४६५३१६८९.९१ |
| आन्तरिक आय | १७१४९३६२.४७ | | |
| अन्य आय | १७८२८३८२८.८८ | | |
| कुल आय | ८१८८५२१७०.०५ | कुल खर्च | ८२६५२२९५७.६ |
| बाँकी मौज्दात | | ४३१५७९५१.३४ | |

## अनुसूची - २

## बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| एकिकृत बार्षिक आय व्याय विवरण २०८०/०८१ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | आय विवरण | रकम | जम्मा रकम | सि.नं. | व्याय विवरण | | रकम | | जम्मा रकम |
| १ | गत आ.व.को अल्या/सुरु मौज्दात | | ५०८२८७३९ | १ | बजेट खर्च/फिर्ता (विनियोजन/ कार्यसंचालन/TSA/ धरौटी) | | | | ६०९१५७१३९ |
| १ | संचित कोष खाता | ३३४५६९०३ | | १ | सिद्धिचरण न.पा. -चालु | | ४८८४६७८८ | | |
| १ | प्रकोष व्यावस्थापन कोष | ११९५२०६ | | १ | कार्यालय संचालन तथा प्रशासनिक | | ७९९८३६९६ | | |
| १ | कर्मचारी कल्याण कोष | ४०६२०२७ | | १ | वडा कार्यालय संचालन तथा प्रशासनिक | | ९३९३००० | | |
| १ | लैङ्गिक हिंसा निवारण कोष | २२६००० | | १ | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम | | ३०८५०५३३५ | | |
| २ | ब्याकहोई लोडर | ५७४९९३ | | २ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम | | ५८३६६७९ | | |
| २ | मर्मत सम्भार कोष | २७०४९८२ | | २ | सिद्धिचरण न.पा. पुजिगत | | ८६४१८६८९ | | |
| २ | धरौटी | ७०५२१८३ | | २ | कार्यालय संचालन तथा प्रशासनिक पुजिगत | | १९५६८३२ | | |
| २ | विविध खर्च खाता मौज्दात | ८३७९९७ | | २ | संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम पुजिगत | | ४९२८३६३२ | | |
| २ | हाट बजार कर | ७१८४४८ | | २ | प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम पुजिगत | | १८९३२४८८ | | |
| २ | चालु आ.व.को आम्दानी | | | कार्यसंचालन कोष तर्फको खर्च | | | | | १४९८११३५ |
| संघीय सरकारबाट | | | ४९०२१६००० | १ | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र | | | ३६०३६३० | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| हस्तान्तरित अनुदान | | | | | | | | | |
| २ | संघिय समानिकरण अनुदान | ९६३४८००० | | १ | मर्मत सम्भार कोष | | | ८८१२०० | |
| २ | संघिय शसर्त अनुदान | ३६७८६८००० | | १ | लैङ्गिक हिंसा निवारण कोष | | | ७८५०० | |
| २ | संघिय समपुरक अनुदान | ११५००००० | | १ | कर्मचारी कल्याण कोष | | | १४१८००२ | |
| २ | संघिय बिषेश अनुदान | १४५००००० | | १ | प्रकोष व्यावस्थापन कोष | | | १००००० | |
| प्रदेश सरकारबाट हस्तान्तरित अनुदान | | | ३६९१२००० | १ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम | | | १८३६९२९ | |
| ३ | प्रदेश समानिकरण अनुदान | ६४०५००० | | १ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम | | | ९३८९७९ | |
| ३ | प्रदेश शसर्त अनुदान | १७५०७००० | | १ | हाट बजार व्यवस्थापन | | | ७१८४४८ | |
| ३ | प्रदेश समपुरक अनुदान | १३०००००० | | १ | सडक वोर्ड नेपाल | | | ५४०५४४७ | |
| राजश्व बाडफाडबाट प्राप्त आय | | | ९६२९०९७९ | धरौटी फिर्ता | | | | | १५०९५५३ |
| २ | संघीय सरकारबाट प्राप्त राजश्व बाडफाँड | ८३६९८२५६ | | १ | धरौटी फिर्ता/ सदरस्याहा | | | १५०९५५३ | |
| २ | प्रदेश सवारी कर बाँडफाँड | ८८४२७२३ | | अन्तरसरकारी अख्तियारी तर्फको खर्च रकम | | | | | १५४३४३४४१ |
| २ | घर जग्गा रजिष्ट्रेशन दस्तुर(मालपोत) | ३७५०००० | | १ | | पर्यटन पूर्वाधार विकास आयोजना | | ९००६७७९ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| आन्तरिक आय | | | १७१४९३६२ | १ | | गरिवसँग विश्वेश्वर कार्यक्रम | | ४१५००० | |
| २ | आन्तरिक आम्दानी | १७१४९३६२ | | १ | | सामाजिक विकास कार्यक्रम | | ३७४६८० | |
| कार्य संचालन तर्फको आय | | | १५३३८४५७ | १ | | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | | १८५०००० | |
| २ | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र | ३५९५३५९ | | १ | | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | | ९५०००० | |
| २ | मर्मत सम्भार कोष | १५६९७० | | १ | | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | | ४८३००० | |
| २ | सडक बोर्ड नेपाल जनसहभागिता समेत | ७४११५२० | | १ | | सामाजिक सुरक्षा | | १४१२६३९८२ | |
| २ | लैगिक हिंसा निवारण कोष | ५०००० | | २ | | खर्च नभएको निकासा/ अनुददान फिर्ता | | | ४१८१६८६६ |
| २ | कर्मचारी कल्याण कोष | ७१८४६० | | १ | | संघिय सरकारबाट हस्तान्तरित अनुदान फिर्ता | | ३६०७९०३३ | |
| २ | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम | १७७६२७४ | | १ | | प्रदेश सरकारबाट हस्तान्तरित अनुदान फिर्ता | | ५७३७८३३ | |
| २ | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम | ११७३००० | | अन्तरसरकारी अख्तियारी तर्फको फ्रिज रकम | | | | | ४७१४८२४ |
| २ | प्रादेशिक र स्थानीय शासन सहयोग कार्यक्रम | १२९३७४ | | १ | | अन्तरसरकारी अख्तियारी | | ४७१४८२४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | तर्फको फ्रिज रकम | | | |
| २ | एकल महिला स्वरोजगार बीउ पुजी कोष | ३२७५०० | | ३ | | बैंक मौज्दात | | | ४३१५७९५१ |
| धरौटी तर्फको आय | | | ३८८७१०७ | ३ | | संचित कोष खाता | | २३०५१२४० | |
| २ | धरौटी आय | ३८८७१०७ | | ३ | | लैङ्गिक हिंसा निवारण कोष | | १९७५०० | |
| अन्तरसरकारी अख्तियारी तर्फ | | | १५९०५८२६५ | ३ | | प्रकोष व्यावस्थापन कोष | | १०९५२०६ | |
| २ | पर्यटन पूर्वाधार विकास आयोजना | ९५६३२६५ | | ३ | | एकल महिला स्वरोजगार बीउ पुजि | | ३२७५०० | |
| २ | गरिवसँग विश्वेश्वर कार्यक्रम | ४१५००० | | ४ | | कर्मचारी कल्याण कोष | | ३३६२४८५ | |
| २ | सामाजिक विकास कार्यक्रम | ३७५००० | | ४ | | सडक वोर्ड नेपाल | | २६५८११८ | |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | ३३३०००० | | ४ | | मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र | | ६५५३९ | |
| २ | राष्ट्रपति महिला सशक्तिकरण परियोजना | १०९०००० | | ४ | | मर्मत सम्भार कोष | | २५५५७४५ | |
| २ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | ६८०००० | | ४ | | लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य कार्यक्रम | | ५१४८६ | |
| २ | सामाजिक सुरक्षा | १४३६०५००० | | ४ | | अपाङ्गता रोकथाम तथा पुनस्थापना कार्यक्रम | | २३४०२१ | |
| | | | | ४ | | प्रदेश तथा स्थानीय सहयोग | | १२९३७४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | कार्यक्रम | | | |
| | | | | ४ | | धरौटी मौज्दात | | ९४२९७३७ | |
| | जम्मा | | ८६९६८०९०९ | जम्मा | | | | | ८६९६८०९०९ |

## बेरूजु दफा ४० सँग सम्बन्धित विवरण - अनुसूची -४

| क्र.सं. | गो.भौ.नं. र मिति | कामको विवरण | आपुर्तिकर्ता | भुक्तानी रकम रु. |
|---|---|---|---|---|
| १. | ३६।२०८०।६।२२ | मसलन्द तथा कार्यालय सामाग्री | कुन्ता देवी सप्लायर्स प्रा.लि. ओखलढुंगा | ५,९९,६९१ |
| २. | ८४।२०८०।८।१७ | मसलन्द तथा कार्यालय सामाग्री | कुन्ता देवी सप्लायर्स प्रा.लि. ओखलढुंगा | ४,६५,४१० |
| ३. | २३०।२०८१।१।२६ | मसलन्द तथा कार्यालय सामाग्री | कुन्ता देवी सप्लायर्स प्रा.लि. ओखलढुंगा | १,८३,६४० |
| ४. | २७४।२०८१।३।१५ | मसलन्द तथा कार्यालय सामाग्री | ओम सिटि सेन्टर प्रिन्टिङ प्रेस | ४,४२,६८५ |
| ५. | २९६।२०८१।३।१९ | मसलन्द तथा कार्यालय सामाग्री | कुन्ता देवी सप्लायर्स प्रा.लि. ओखलढुंगा | ८३,९९२ |
| ६. | २२०।२०८१।१।२१ | मसलन्द तथा कार्यालय सामाग्री | करुणा अर्डर एण्ड सप्लायर्स, ओखलढुंगा | १,८८,८९८ |
| ७. | ५४।२०८०।८।२१ | समाग्री छपाई | डेभियन ईन्टरप्राईजेज, मोलुंग | ३,९८,४०९ |
| ८. | ८५।२०८०।८।१७ | रेड बुक छपाई | डेभियन ईन्टरप्राईजेज, मोलुंग | २,५७,०७५ |
| ८. | २२४।२०८१।२।२२ | शिक्षक डायरी छपाई | कुन्ता देवी सप्लायर्स प्रा.लि. ओखलढुंगा | ४,१८,६८५ |
| ९. | | विद्यार्थि मूल्यांकन पुस्तिका छपाई | कुन्ता देवी सप्लायर्स प्रा.लि. ओखलढुंगा | ४,४८,९९७ |
| १०. | ३१७।२०८१।३।१८ | त्रिपाल खरिद | करुणा अर्डर & सप्लायर्स, ओखलढुंगा | ३,९८,३९२ |
| जम्मा | | | | ३८,८५,८७४ |

# सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- स्थानीय तहमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।